# विश्वको मानवअधिकार अवस्था

अप्रिल २०२४



एम्नेस्टी इन्टरनेसनल

# एम्नेस्टी इन्टरनेसनल

हामी सबैले हाम्रो मानवअधिकार उपभोग गर्न सकौं भन्नका लागि सबैमा अन्तर्निहित मानवतालाई परिचालन गर्दै अभियान सञ्चानल गर्ने एक करोड भन्दा बढी मानिसहरूको अभियान हो एम्नेस्टी इन्टरनेसनल। हामीले यस्तो संसारको परिकल्पना गरेका छौं जहाँ सत्तामा रहेकाहरूले आफ्नो वाचा पूरा गर्ने, अन्तर्राष्ट्रिय कानुनलाई सम्मान गर्ने र जवाफदेहिता पुरा गर्नेछन्। हामी कुनै पनि सरकार, राजनीतिक विचारधारा, आर्थिक स्वार्थ वा धर्मबाट स्वतन्त्र छौं र सदस्यता शुल्क तथा सार्वजनिक अनुदान हाम्रो आर्थिक श्रोत हो। संसारभरिका मानिसहरूसँग ऐक्यबद्धता र सहानुभूतिका साथ मिलेर काम गर्दा हाम्रा समाजहरू सँदाका लागि अझ राम्रो हुनेछ भन्ने कुरामा हामी विश्वास राख्दछौं।

एम्नेस्टी इन्टरनेसनल निष्पक्ष छ। सार्वभौमसत्ता, भौगोलिक विवाद वा आत्मनिर्णयको अधिकारलाई कार्यान्वयन गर्नका लागि अवलम्बन गरिने अन्तर्राष्ट्रिय राजनीतिक वा कानुनी व्यवस्थाहरूका सवालहरूमा हामी कुनै पनि धारणा राख्दैनौं। हामीले वर्षभरी अनुगमन गरेका देशहरूको आधारमा यो प्रतिवेदनलाई तयार गरिएको छ। सामान्यतया यी देशहरू स्वतन्त्र राष्ट्र हुन् जो आफ्नो क्षेत्रभित्रको मानवअधिकार अवस्थाका लागि उत्तरदायी रहन्छन्।

# यसभित्र


| | |
|---|---|
| प्राक्कथन | १ |
| एम्नेस्टी इन्टरनेसनल प्रेस विज्ञप्ति | ५ |
| विश्वव्यापी विश्लेषण | ११ |
| एसिया प्यासिफिक पुनरावलोकन | २३ |
| नेपाल | ३३ |

# प्राक्कथन

हालको मानवअधिकारको अवस्थाले सन् १९८० को दशकको साइ-फाई फिल्म ब्याक टु द फ्यूचरलाई सन्दर्भको रूपमा लिनुपर्ला भन्ने मैले कहिल्यै अपेक्षा गरेको थिइनँ। तर हामी आज यो अवस्थामा छौं। यो संसार समयसँगै द्रुत गतिमा अगाडि बढिरहेको छ तर सन् १९४८ को विश्वव्यापी मानवअधिकारसम्बन्धी प्रतिज्ञाबाट भने पछाडि हटिरहेको छ जबकी यो संसारको यात्रा भने ठूला टेक कम्पनी र अनियन्त्रित जेनेरेटिभ आर्टिफिसियल इन्टेलिजेन्स् (एआई)को गतिले उछिनेको भविष्यतर्फ नै अझ झन् तीव्र गतिमा अघि बढिरहेको छ।

## "अधिनायकवादी" अभ्यासहरूमा वृद्धि

सन् २०२३ मा भि-डेम भन्ने राजनीतिक विज्ञान अनुसन्धान केन्द्रले लोकतान्त्रिक प्रणाली (कानूनी शासन भएको, व्यवस्थापिका र न्यायपालिकाद्वारा कार्यपालिकामाथि शक्ति सन्तुलन कायम राखिएको र नागरिक स्वतन्त्रताको सम्मान गर्ने देशहरू भनेर फराकिलो रूपमा परिभाषित गरिएको) मा बस्ने मानिसहरूको संख्या सन् १९८५ को तहमा झरेको फेला पारेको थियो : त्यो समय भनेको बर्लिन पर्खाल ढल्नु अघि, नेल्सन मन्डेला जेलबाट रिहा हुनु अघि, मानवताको लागि एउटा नयाँ युग प्रकट हुन लागेको आशाका साथ शीत युद्ध समाप्त हुनु अघिको समय थियो।

त्यो नयाँ युग धेरै छोटो थियो र आजका लागि त्यो युग लगभग समाप्त भए जस्तै छ। सन् २०२३ मा यसको अवसान भएको प्रमाणमा वृद्धि भएको छ। "अधिनायकवादी" अभ्यास र विचारहरूले धेरै सरकार र समाजहरूलाई भित्रैबाट छोएको छ। उत्तरदेखि दक्षिण, पूर्वदेखि पश्चिम सबैतिर अधिनायकवादी नीतिहरूले अभिव्यक्ति र संघ सङ्गठनको स्वतन्त्रतालाई खोसेको छ, लैङ्गिक समानतामा प्रहार गरेको छ र यौन तथा प्रजनन अधिकारहरूलाई कमजोर तुल्याएको छ।

घृणामा आधारित र त्रासको जगमा उभिएको सुसुप्त सार्वजनिक भाष्यले नागरिक स्थललाई अतिक्रमण गर्नुका साथै सीमान्तकृत व्यक्ति र समूहहरूलाई दानविकरण गरेको छ र शरणार्थी, आप्रवासी र जातीय समूहहरू यसको चपेटामा परिरहेका छन्।

विगत ५० वर्षका धेरैजसो उपलब्धीहरू जोखिममा रहने गरी महिला अधिकार र लैङ्गिक समानता विरुद्धको प्रतिघात सन् २०२३ मा अझ तीव्र भएको छ।

अफगानिस्तानमा महिला वा बालिका हुनुलाई वास्तवमा अपराधीकरण गरिएको छ। सन् २०२३ मा तालिबानले सार्वजनिक जीवनबाट महिलाहरूको उपस्तथिति नामेट गर्ने उद्देश्यले दर्जनौं आधिकारिक आदेशहरू जारी गर्यो। त्यस्तै इरानमा अधिकारीहरूले "महिला, जीवन, स्वतन्त्रता" विरोध प्रदर्शनमाथिको क्रूर दमनलाई जारी राखे र बुर्का नलगाउने महिलाहरूलाई "भाइरस", "सामाजिक रोग" र "विकृति" आदि नाम दिँदै घृणायुक्त वक्तव्यहरू जारी गरे।

संयुक्त राज्य अमेरिकामा १५ वटा राज्यहरूले गर्भपतनमा पूर्ण वा अत्यन्त सीमित अपवादसहितका प्रतिबन्धहरू लागू गरे जसले अश्वेत र अन्य जातीय मानिसहरूमा असमानुपातिक प्रभावहरू पर्न गएको छ। कानुनले गर्भपतन सेवा प्राप्त गर्न नदिएका कारण पोल्याण्डमा कम्तिमा एक जना महिलाको मृत्यु भयो। युगान्डाले समलिङ्गी विरोधी कठोर कानून अनुमोदन गर्यो जबकि अमेरिकाका सामाजिक र राजनीतिक नेताहरूले पनि ट्रान्स विरोधी भाष्य, नीति र नियमहरूको प्रवर्धन गरे।

विश्व कहिल्यै धनी नभए पनि सन् २०२३ लाई विश्व बैंकले "असमानताको वर्ष" भनेको छ। संयुक्त अधिराज्य, हंगेरी र भारतजस्तो विविधताले भरिएको सन्दर्भहरूमा आर्थिक र सामाजिक अधिकारका रक्षकहरू सबैभन्दा व्यापक रूपमा लक्षित गरिएका अभियन्ताहरूमध्ये रहेका थिए। जीवाश्म ईन्धनको उत्पादन र लगानी विस्तार गरिरहेका सरकारहरूको निन्दा गरेकोमा जलवायु अभियन्ताहरूलाई "आतंकवादी" को बिल्ला भिराइएको थियो। मध्यपूर्वका

सरकारहरूले गरेको अर्थतन्त्र व्यवस्थापनलाई आलोचना गर्नेहरू, एशिया-प्रशान्त क्षेत्रका ट्रेड युनियन र पश्चिम अफ्रिकामा भ्रष्टाचार विरुद्ध लड्नेहरूलाई मौन पारिएको थियो र स्वेच्छाचारी रूपमा हिरासतमा राखिएको थियो।

## पुनः सन् १९४८ अघिको अवस्थामा?

यद्यपि सन् २०२३ मा हाम्रो आलङ्कारिक **समय यन्त्रले** हामीलाई सन् १९८३ भन्दा धेरै पछाडि धेकेलिदिएको छ : र यो **सन् १९४८** मै ढोका बन्द भइसकेको **नर्कमा अवतरण** गरिए समान छ। झण्डै ५ करोड ५० लाख नागरिकको मृत्यु भएको विश्वव्यापी युद्धपछि ६० लाख यहूदी र दशौं लाख अन्यको विनाश निम्त्याएको भयानक त्रासदीपूर्ण प्रलयललाई सामना गरेको विश्वले "फेरी कहिल्यै यस्तो नहोस्" भन्ने घोषणा गरेको थियो।

तर सन् २०२३ मा "फेरी कहिल्यै यस्तो नहोस्" भन्ने नैतिक र कानुनी पाठलाई दशौं लाख टुक्रामा धुजा धुजा पारिएको छ। एक हजार भन्दा बढी मानिसहरू - जसमा धेरैजसो इजरायली नागरिकहरू रहेका थिए - को हत्या, हजारौं घाइते र २४५ जनालाई बन्धक बनाउँदै सन् २०२३ को अक्टोबर ७ मा हमासद्वारा भएको त्रासदीपूर्ण आक्रमणपछि इजरायलले प्रतिशोधको अभियान सुरू गर्यो जुन अहिले सामुहिक दण्डको अभियान बनेको छ।

सन् २०२३ को अन्त्यसम्म २१,६०० प्यालेस्टिनी नागरिकहरू गाजामा निरन्तर भइरहेको बमबारीमा मारिएका थिए र हजारौं बेपत्ता भएका थिए जो भग्नावशेषमुनि गाडिएको हुन सक्ने विश्वास गरिन्छ। गाजाको धेरैजसो नागरिक पूर्वाधार नष्ट भएको छ, लगभग १९ लाख प्यालेस्टिनीहरू आन्तरिक रूपमा विस्थापित भएका छन् र उनीहरू पर्याप्त खाना, पानी, आश्रय, सरसफाइ र चिकित्सा सहायताको पहुँचबाट वञ्चित छन्।

आजका दिनमा गाजामा प्यालेस्टिनी हुनु भनेको १९४८ को "नकबा" वा "विपत्ति" भन्दा धेरै हिंसात्मक र विनाशकारी संस्करणमा पुग्नु हो जसले सात लाख पचास हजार भन्दा बढी प्यालेस्टिनीहरूलाई जबर्जस्ती विस्थापित गरेको थियो।

विश्वभरका लाखौंको लागि अहिलेको गाजा दोस्रो विश्वयुद्धपछिको प्रणालीका धेरैजसो योजनाकारहरूको पूर्ण नैतिक असफलताको प्रतीक हो। विश्वव्यापकता, हाम्रो साझा मानवताप्रतिको पूर्ण प्रतिबद्धता र "फेरि यस्तो कहिल्यै नहोस्" भन्ने हाम्रो प्रतिबद्धताप्रति पनि उनीहरूको असफलता हो। संयुक्त राष्ट्रसङ्घको बडापत्र, जेनेभा महासन्धि, आम नरसंहार महासन्धि र अन्तर्राष्ट्रिय मानवअधिकार कानूनमा उल्लेख गरिएका सिद्धान्तहरूको अपमान गरिएको छ। यो इजरायली अधिकारीहरूको मामलामा धेरै स्पष्ट छ। यद्यपि, यसो गर्नेमा इजरायल एक्लो भने छैन। अमेरिकाले पनि यसमा प्रमुख भूमिका खेलेको छ, जसरी युरोपका केही नेता र युरोपेली सङ्घको नेतृत्वले खेलेका छन्। इजरायलमा हतियार पठाउन जारी राख्नेहरूले पनि यसै गरेका छन्। इजरायलद्वारा भइरहेको निरन्तरको उल्लङ्घनलाई निन्दा गर्न विफल भएका र युद्धविरामको आह्वानलाई अस्वीकार गर्नेहरूले पनि यसै गरिरहेका छन्।

उनीहरूको आचरणले एम्नेस्टी इन्टरनेसनलले धेरै वर्षदेखि निन्दा गरेको दोहोरो मापदण्डलाई चरितार्थ गरेको छ। तैपनि, सन् १९४८ को नियममा आधारित व्यवस्थाको सम्पूर्णतालाई जोखिममा पार्ने इच्छा प्रदर्शन गर्दै, साझा मानवता र विश्वव्यापकताका संस्थापक सिद्धान्तहरूलाई कुल्चँदै र यसरी सबैभन्दा खराब हुनबाट जोगाउने हाम्रो विश्वव्यापी क्षमतालाई खोस्दै शक्तिशाली कर्ताहरू थप अगाडि बढेका छन्।

यो सबै संयुक्त राष्ट्रसङ्घको बडापत्रको उल्लङ्घन र अन्तर्राष्ट्रिय विधिको शासनको अवमूल्यनका साथ रुसद्वारा युक्रेनमा भएको पूर्ण तहको आक्रमण लगत्तै भएको अवस्था छ। रसियाको हिंस्रक आक्रमणमा नागरिकहरू विरुद्ध नियतवस आक्रमण गरिएको छ, हजारौंको सङ्ख्यामा हत्या गरिएको छ, अन्न भण्डार र निर्यातका संरचना सहितका नागरिक पूर्वाधारहरूको व्यापक विनाश भएको छ।

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को अर्को स्थायी सदस्य चीनले पनि म्यानमारको सेना र उसको गैरकानूनी हवाई हमलालाई संरक्षण गरेर, गिरफ्तारी र यातनाको अभ्यासमार्फत उइघुर अल्पसंख्यक समेत विरुद्ध गरिएका मानवता विरुद्धको अपराधका लागि अन्तर्राष्ट्रिय छानबिनबाट आफूलाई जोगाएर अन्तर्राष्ट्रिय कानुन विपरीत काम गरेको छ।

## हामीले नचाहेको भविष्य

सन् २०२३ मा च्याट जिपिटि-४ र अन्य जेनेरेटिभ एआई उपकरणहरूलाई अपेक्षा गरिएभन्दा धेरै अघि सञ्चालनमा ल्याइएसँगै यो परिघटनाले हामीलाई पनि भविष्यमा अझ छिटो अगाडि हुत्याइदिएको छ। यदि सन् २०२३ मा देखिएका प्रविधिसँग सम्बन्धित दुर्व्यवहारहरूलाई मात्रै हेर्ने हो भने पनि हाम्रा भावि दिनहरू साँच्चै नै जिउ सिरिङ्ग गर्ने खालका छन्।

टेकले मानवअधिकारको व्यापक क्षयलाई सबल बनाउँदैछः नक्सवादी नीतिहरूलाई निरन्तरता दिइरहेको छ, अभिव्यक्ति स्वतन्त्रतालाई फैलाउन र कटौती गर्न सहजिकरण गरिरहेको छ। बिग टेकले इथियोपिया, इजरायल र अधीनस्थ प्यालेस्टिनी भुभागहरू, म्यानमार र सुडान जस्ता सशस्त्र द्वन्द्वका सन्दर्भहरूमा पनि ती हानिहरूलाई बेवास्ता वा न्यूनिकरण गर्यो। प्यालेस्टिनी र यहूदी दुवै समुदायहरू विरुद्ध अनलाइन उत्तेजना र अन्य हानिकारक सामग्रीमा भएको डरलाग्दो वृद्धिसँगै युरोप र संयुक्त राज्य अमेरिकामा पनि मुस्लिम र यहुदी विरोधी घृणाका अपराधहरूमा उल्लेखनीय वृद्धि भएको देखिएको छ।

सन् २०२३ मा सार्वजनिक विरोध प्रदर्शन, खेलकुदका कार्यक्रम र सीमान्तकृत समुदायहरू - विशेष गरी आप्रवासी र शरणार्थीहरू - लाई व्यवस्थित र नियमन गर्नका लागि सहयोगी माध्यमको रूपमा अनुहार पहिचान गर्ने प्रविधिहरूमा राज्यहरूको ध्यान बढ्दै गएको छ। आप्रवासनको व्यवस्थापन र सीमा प्रवर्तनका लागि सीमा बाह्यकरण प्रविधिहरू, डाटा सफ्टवेयर, बायोमेट्रिक्स र एल्गोरिदमिक निर्णय प्रणाली समेतका दुर्व्यवहारयुक्त प्रविधिमाथि भर पर्ने प्रचलन बढ्दै गएको छ।

स्पाइवयरले मानवअधिकार उल्लङ्घनमा सहयोग पुर्याइरहेको वर्षौंदेखिको प्रमाणका बाबजुद् धेरै हदसम्म यो अनियमित नै रह्यो। सन् २०२३ मा एम्नेस्टी इन्टरनेसनलले अर्मेनिया, डोमिनिकन रिपब्लिक, भारत र सर्बियामा पत्रकार र नागरिक समाजका अभियानकर्ताहरू विरुद्ध पेगासस स्पाइवेयरको प्रयोग भएको खुलासा गऱ्यो। जबकि युरोपेली सङ्घमा आधारित स्पाइवेयर विश्वभरका राज्यहरूमा बिक्रि गरिएको थियो। यसको प्रतिक्रियामा युरोपेली संसद्ले सन् २०२३ को नोभेम्बरमा स्पाइवेयर उद्योगद्वारा हुने दुरुपयोगलाई रोक्नको लागि कुनै कार्य नगरेकोमा आलोचना गर्दै एक प्रस्ताव पारित गरेको थियो।

यद्यपि, टेक-आउटलहरू (प्रविधिसँग सम्बन्धित पारम्परिक कानुनको बर्खिलापमा गतिविधि गर्ने टेक कम्पनी जस्तै ह्याकिङ्ग र स्पाइवयर कम्पनी) र तिनीहरूले प्रयोग गर्ने रग टेक्नोलोजी (कानुनी वा सामाजिक परिधिभन्दा बाहिर रहेर काम गर्ने नयाँ प्रविधिहरू जसले सार्वनजिक सुरक्षा, नैतिकता आदिमा समेत जोखिम निम्त्याउन सक्छ) लाई डिजिटल वाइल्ड वेस्ट (अराजकताले भरिएको प्रविधिको दुनिया) मा स्वतन्त्र रूपमा विचरणका लागि छाडिएकोले यस्ता मानवअधिकार उल्लङ्घनहरू ऐतिहासिक चुनावी वर्षका रूपमा रहेको सन् २०२४ मा बढ्ने सम्भावना रहेको छ। यो हामीलाई अहिले नै घेरिसकेको भविष्यको पूर्वचित्रण हो।

## वैश्विक ऐक्यबद्धता

सन् २०२३ मा मानवअधिकारमा भएको पश्चगमन अदृश्य थिएनन्। यसको विपरीत विश्वभरका मानिसहरू अभूतपूर्व विश्वव्यापी एकता प्रदर्शन गर्दै प्रतिगमनको विरुद्धमा उभिएका छन्।

इजरायल-हमास द्वन्द्वको विरोधमा संसारभरि सयौं विरोध प्रदर्शनहरू भए जसमा दशौं लाख मानिसले नागरिकहरूको मृत्युको विरोध गर्दै र बन्दीहरूको रिहाइको आह्वान गर्दै युद्धविरामको माग गरेका छन्।

संयुक्त राष्ट्रसङ्घका महासचिव, संयुक्त राष्ट्रसङ्घीय निकायहरूका प्रमुखहरू र मानवीय संस्थाहरूले दक्षिणी इजरायल र गाजामा भएका युद्ध अपराधहरूको निन्दा गर्न र इजरायललाई अन्तर्राष्ट्रिय कानूनको सम्मानको लागि आह्वान गर्न अभूतपूर्व कदमहरू चालेका छन्।

सन् २०२३ को अन्तमा युद्धविरामको लागि आह्वान गर्दै संयुक्त राष्ट्रसङ्घको महासभाले भारी बहुमतले एउटा प्रस्ताव पारित गर्यो। त्यस्तै गाजामाथि इजरायलले गरेको आचरणले सन् १९४८ को नरसंहार महासन्धिको उल्लङ्घन गरेको आरोप लगाउँदै र दोस्रो विश्वयुद्ध पछिको अन्तर्राष्ट्रिय विधिमा आधारित प्रणालीको केन्द्रियतामा जोड दिँदै दक्षिण अफ्रिकाले अन्तर्राष्ट्रिय न्यायालयमा एउटा आवेदन दायर गर्यो।

सन् २०२३ मा कर छली रोक्न र न्यून आय भएका देशहरूका लागि स्रोत परिचालनमा सहयोग गर्नका लागि एउटा विश्वव्यापी न्यायोचित कर प्रणालीको व्यवस्थाका लागि प्रगतिहरू भए। नोभेम्बरमा धनी देशहरूको इच्छा विपरित संयुक्त राष्ट्र सङ्घको महासभाले सन् २०२५ को जुनसम्ममा संयुक्त राष्ट्रसङ्घीय कर महासन्धिको मस्यौदा गर्नका लागि एक अन्तर्राष्ट्रिय समिति स्थापनाका लागि अफ्रिका समूहले पेश गरेको प्रस्तावलाई पारित गर्‍यो।

सन् २०२३ मा धेरै मानिसहरूले विश्वलाई सन् १९८५ र १९४८ अघिको परिस्थितिमा पछाडि धकेल्ने शक्तिहरूको प्रतिरोध र अवरोध गरे; हामी सबैलाई हामीले तर्जुमा नगरेको भविष्यमा डोर्‍याउने शक्तिहरू विरुद्ध तिनले मार्च गर्दै विरोध प्रदर्शन गरे। उनीहरूले पनि सन् २०२३ लाई सबै बाधा व्यवधानहरूका बीच आकार दिएका छन्।

म आशा गर्छु कि सन् २०४८ मा - वा सन् ३०४८ मा पनि - जब कूटनीतिज्ञ र अभियन्ताहरूले विगतको वर्षलाई फर्किएर हेर्नेछन्, उनीहरूले संसारभरि धेरै, धेरै राम्रा व्यक्तिहरू पाउनेछन् जसले आफूले सकेको गरेका थिए। उनीहरूले खडा भएर उभिँदै आवाज बुलन्द पारेका थिए। हाम्रो साझा मानवताको लागि।

**आग्नेस कालामार, महासचिव, एम्नेस्टी इन्टरनेसनल**

एम्नेस्टी इन्टरनेसनल

# एम्नेस्टी इन्टरनेसनल

## प्रेस विज्ञप्ति

**सरकार तथा कर्पोरेटहरूद्वारा खुला र निर्लज्ज ढङ्गमा भइरहेको नियम तोडाइको बीच अन्तर्राष्ट्रिय कानूनका लागि एउटा युगान्तकारी क्षण देखा पर्न सक्ने खतरामाथि एम्नेस्टी इन्टरनेसनलले सचेत गराएको छ।**

- द्वन्द्वमा परेका नागरिकहरूले उच्चतम मूल्य चुकाइरहेकोमा शक्तिशाली सरकारहरूले मानवतालाई प्रभावकारी अन्तर्राष्ट्रिय कानून बिनाको एउटा युगमा पुर्याइरहेका छन्।
- द्रुत गतिमा परिवर्तन भइरहेको *आर्टिफिसियल इन्टेलिजेन्स*लाई आम निर्वाचनहरू हुँदै गरेको ऐतिहासिक वर्षमा नस्लवाद, विभेद र विभाजनको लागि उर्वर भूमि सिर्जना गर्न खुला छाडिएको छ।
- यी दुर्व्यवहारहरू विरुद्ध उभिँदै र मानवअधिकार संरक्षण तथा हाम्रो साझा मानवताको सम्मानको माग गर्दै विश्वभरका मानिसहरू अभूतपूर्व संख्यामा परिचालित भएका छन्।

१५५ देशहरूको मानवअधिकारको अवस्थाको मूल्याङ्कन सहितको आफ्नो वार्षिक प्रतिवेदन "द स्टेट अफ द वल्र्ड्स ह्युमन राइट्स"लाई आज सार्वजनिक गर्दै एम्नेस्टी इन्टरनेसनलले बढ्दो द्वन्द्व र अन्तर्राष्ट्रिय कानूनको लगभग झण्डै झण्डैको विफलताका कारण विश्वले एउटा डरलाग्दो परिणाम भोगिरहेको जनाएको छ।

*आर्टिफिसियल इन्टेलिजेन्स* (एआई)मा भइरहेको द्रुत प्रगतिसँगै कानूनको शासनको क्षयीकरणमा थप वृद्धि हुने सम्भावना रहेको र यदि एआईको विकासको तुलनामा नियमन पछाडि नै रहने क्रम जारी रहने हो भने यसले *बिगटेक*को प्रभुत्व सहित मानवअधिकारको उल्लङ्घनलाई "सुपरचार्ज" गर्ने जोखिम रहने एम्नेस्टी इन्टरनेसनलले चेतावनी दिएको छ।

"गहिरिँदो विश्वव्यापी असमानता, सर्वोच्चताका लागि तल्लिन महाशक्तिहरू र बढ्दो जलवायु सङ्कटको बीचमा एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदनले मानवअधिकारको डरलाग्दो दमन र अन्तर्राष्ट्रिय कानुनको प्रचूर उल्लङ्घनको निराशाजनक चित्र पेश गरेको छ," एम्नेस्टी इन्टरनेसनलका महासचिव आग्नेस कालामारले भनिन्।

"गाजामा भएको गैरसैनिकहरूको अवर्णनीय रक्तपात रोक्नका लागि इजरायलका सहयोगीहरूको असफलताले इजरायललाई अन्तर्राष्ट्रिय कानुनको पूर्ण बेवास्ता गर्न बल पुगेको छ। ती सहयोगीहरूमध्ये धेरै दोस्रो विश्वयुद्धपछिको कानुनी प्रणालीका सूत्रधार हुन्। युक्रेन विरुद्ध चलिरहेको रुसको आक्रमणका साथै बढ्दो सशस्त्र द्वन्द्व र सुडान, इथियोपिया र म्यानमारमा देखिएका व्यापक मानवअधिकार उल्लङ्घनका घटनाहरूले विश्वव्यापी नियममा आधारित व्यवस्था विनाशको जोखिममा रहेको छ।"

अहिले सैनिक, राजनीतिक र व्यावसायिक कर्ताहरूले हतियारको रूपमा नियमित प्रयोग गरिरहेका नयाँ र परिचित प्रविधिहरूको अनियन्त्रित प्रयोगले द्वन्द्वग्रस्त क्षेत्र र अन्यत्र अराजकता, विभेद र दण्डहीनता फैलाउनलाई बल प्रदान गरेको छ। *बिगटेक*का मञ्चहरूले हिंसा निम्त्याएको छ। मौलिक हक तथा स्वतन्त्रतामाथि अतिक्रमण गर्न *स्पाइवेयर* र सामूहिक निगरानीका उपकरणहरू (mass surveillance tools) को प्रयोग गरिएको छ भने सरकारहरूले समाजका सबैभन्दा सीमान्तकृत समूहहरूलाई लक्षित गर्दै स्वचालित उपकरणहरू (automated tools) प्रयोग गरिरहेका छन्।

"बढ्दो गतिको अनिश्चितताले घेरिएको वर्तमान विश्वमा *जेनेरेटिभ एआई*, अनुहार पहिचान गर्ने प्रविधि (facial recognition technology) र *स्पाइवेयर* जस्ता प्रविधिहरूको अनियमित विस्तार र प्रयोग अन्तर्राष्ट्रिय कानुन र मानवअधिकारको उल्लङ्घनलाई बढोत्तरी गर्ने र "सुपरचार्ज" गर्ने हानिकारक शत्रु बन्ने अवस्थामा पुगेका छन्," आग्नेस कालामारले भनिन्।

"निर्वाचनहरूको ऐतिहासिक वर्षको दौरान र *बिगटेक* कर्ताहरूद्वारा सञ्चालित तथा वित्तपोषित बढ्दो शक्तिशाली नियमन विरोधी लबीका बीच यी "रग" र अनियमित प्राविधिक विकासहरूले हामी सबैको लागि ठूलो खतरा सिर्जना गरेको छ। यी प्रविधिहरूलाई विभेद गर्न, भ्रम छर्न र विभाजित बनाउन हतियारका रूपमा प्रयोग गर्न सकिन्छ ।"

## राज्यहरूले अन्तर्राष्ट्रिय कानूनको अवहेलना गर्दा द्वन्द्वमा परेका सर्वसाधारणले अन्तिम मूल्य चुकाइरहेका छन्

एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदनले अहिलेका नेता र संस्थाहरूद्वारा मानवअधिकारका सिद्धान्तहरूउपर विश्वासघात गरेको कठोर मूल्याङ्कन प्रस्तुत गरेको छ। बढ्दो द्वन्द्वहरूको बीच धेरै शक्तिशाली राज्यहरूको कार्यले बहुपक्षीयताको विश्वसनीयतालाई थप क्षति पुर्याएको छ र सन् १९४५ मा पहिलो पटक स्थापना गरिएको विश्वव्यापी नियममा आधारित व्यवस्थालाई कमजोर बनाएको छ।

सन् २०२३ लाई परिभाषित गरेको र कम हुने कुनै संकेत नदेखिएको इजरायल र गाजा द्वन्द्वमा इजरायली सरकारले अन्तर्राष्ट्रिय कानूनको उपहास गरिरहेकोले युद्ध अपराधको प्रमाण बढ्दै गइरहेको छ। ७ अक्टोबरमा हमास र अन्य सशस्त्र समूहहरूले गरेको भयानक हमलापछि सर्वसाधारणको बाक्लो उपस्थिति रहेका क्षेत्रहरूमा इजरायली अधिकारीहरूले गरेका निरन्तर हवाई हमलाहरूले प्रायजसो पूरै परिवारहरूलाई सखाप पारेको, १९ लाख प्यालेस्टिनीहरूलाई जबर्जस्ती विस्थापित गरेको र गाजामा बढ्दो अनिकालको बाबजुद अत्यन्त आवश्यक मानवीय सहायताको पहुँचमा रोक लगाएको छ।

सम्भावित युद्ध अपराध गर्नका लागि प्रयोग भइरहेको हतियारहरू इजरायललाई प्रदान गर्न निरन्तरता दिइरहेको संयुक्त राज्य अमेरिकाले गाजामा युद्धविरामको लागि अत्यन्त आवश्यक एउटा संकल्प प्रस्ताव उपर गरेको भिटोको निर्लज्ज प्रयोगले संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्लाई महिनौंसम्म निष्प्रभावी बनाएको प्रतिवेदनले औंल्याएको छ। रूस र हमासद्वारा गरिएको युद्ध अपराधको बारेमा राम्रैसँग विरोध गरेका तर त्यही समयमा इजरायल र गाजाबीचको द्वन्द्वमा इजरायली र अमेरिकी अधिकारीहरूको कार्यलाई टेवा पुर्याउने संयुक्त अधिराज्य र जर्मनी जस्ता युरोपेली देशहरूको घिनलाग्दो दोहोरो मापदण्डमाथि पनि यस प्रतिवेदनले प्रकाश पारेको छ।

“अधीनस्थ गाजा पट्टीमा डरलाग्दो उच्च अनुपातमा बालबालिका लगायत हजारौं सर्वसाधारणलाई मृत्युबाट जोगाउनमा अन्तर्राष्ट्रिय समुदायको आश्चर्यजनक विफलताले नागरिकको सुरक्षा र मानवअधिकारको संरक्षणका लागि स्थापित संस्थाहरू आफ्ना उद्देश्य पूर्तिका लागि अब उपयुक्त रहेनन् भन्ने कुरा सुस्पष्ट बनाएको छ। सन् २०२३ मा हामीले जे देख्यौं त्यसले धेरै शक्तिशाली देशहरूले मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा निहित मानवता र विश्वव्यापकताका संस्थापक मूल्यहरूलाई त्यागिरहेका छन् भन्ने कुरा सिद्ध गरेको छ," आग्नेस कालामारले भनिन्।

प्रतिवेदनले युक्रेनमा रुसी सैनिक बलहरूले निरन्तरता दिइरहेको पूर्ण रूपको आक्रमणमा निर्लज्ज ढङ्गमा नियम तोडेको विषयलाई पनि अभिलेख गरेको छ। सघन जनसङ्ख्या भएको गैरसैनिक क्षेत्रहरूका साथै ऊर्जा र अन्न निर्यात गर्ने पूर्वाधारहरूमा गरिएको अन्धाधुन्ध आक्रमणहरू एवं युद्ध बन्दीहरूउपर भएको यातना वा अन्य दुर्व्यवहारको विषयमाथि पनि प्रतिवेदनले प्रकाश पारेको छ। यसका अतिरिक्त रूसी सेनाहरूद्वारा गरिएको भनी व्यापक रूपमा विश्वास गरिएको स्पष्टतः नियतवस गरिएको *काखोभ्का* बाँधको विनाश लगायतका कार्यहरूका कारण भएको व्यापक वातावरणीय प्रदूषणका अपराधहरू भएका छन्।

म्यानमारको सेना र सम्बद्ध मिलिसियाहरूले पनि गैरसैनिकहरू विरुद्ध आक्रमणहरू गरे जसको परिणामस्वरूप सन् २०२३ मा मात्रै १,००० भन्दा बढी सर्वसाधारणहरूको मृत्यु भयो। यी दुवै सरकारहरूले यस्ता स्पष्ट उल्लङ्घनको रिपोर्टहरूउपर अनुसन्धान गर्ने त कुरै छाडौं कुनै प्रतिक्रिया सम्म पनि जनाएका छैनन्। दुवैले चीनबाट आर्थिक तथा सैन्य सहायता पाएका छन्।

सुडानमा युद्धरत दुवै पक्षहरू - सुडानी सशस्त्र बल तथा *र्यापिड सपोर्ट फोर्सेस्* - द्वारा अन्तर्राष्ट्रिय मानवीय कानूनप्रति बिल्कुल कुनै चासो नदेखाई गरेको लक्षित र अन्धाधुन्ध आक्रमणका कारण सर्वसाधारण मारिनुका साथै घाइते भएका छन् र सघन सर्वसाधारण जनसङ्ख्या रहेका बस्ती क्षेत्रहरूबाट बिस्फोटक हतियारहरू प्रहार गरी सन् २०२३ मा १२,००० मानिसको हत्या गरेका छन्। यसले ८० लाख भन्दा बढी मानिसहरू भाग्न बाध्य भएको संसारकै सबैभन्दा ठूलो विस्थापनको सङ्कटलाई निम्त्याएको छ। अन्त्य हुने कुनै छाँटकाट नै नदेखिएको यस द्वन्द्वले सुडानमा महिनौंदेखि जारी भोकमरीको सङ्कट अहिले अनिकालमा परिणत हुने खतरा नजिक पुगेको छ।

## निर्वाचनहरूको ऐतिहासिक वर्षमा प्रविधिको प्रयोगबाट घृणा, विभाजन र विभेद भड्काउने खतरा

विश्वका धेरै भागहरूमा राजनीतिक कर्ताहरूले ऐतिहासिक रूपमा राजनीतिक वा चुनावी लाभका लागि बलिको बोको बनाउने गरेका महिला, एलजिबिटिआई मानिस र सीमान्तकृत समुदायमाथिको आक्रमणलाई तीव्रता दिइरहेको एम्नेस्टी इन्टरनेसनलले पत्ता लगाएको छ। गलत सूचना फैलाउन, समुदायहरूलाई एक अर्काको विरुद्धमा खडा गराउन र अल्पसंख्यकहरूमाथि आक्रमण गर्नका लागि यी दमनकारी राजनीतिक शक्तिहरूको सहयोग र मतियारीका लागि नयाँ तथा विद्यमान प्रविधिहरूलाई हतियार बनाइएको छ।

विभेदपूर्ण नीतिहरूलाई थप गहिरो बनाउनमा भइरहेको विद्यमान प्रविधिहरूको व्यापक प्रयोगलाई पनि प्रतिवेदनले औंल्याएको छ। अर्जेन्टिना, ब्राजिल, भारत र संयुक्त अधिराज्य लगायतका देशहरूले सार्वजनिक विरोध र खेलकुद कार्यक्रमहरूको नियमन गर्न तथा विशेषगरी आप्रवासी एवं शरणार्थी लगायतका सीमान्तकृत समुदायहरू विरुद्ध विभेद गर्न अनुहार पहिचान गर्ने प्रविधिहरू (facial recognition technologies) को बढ्दो प्रयोग गरिरहेका छन्। उदारहणका लागि एम्नेस्टी इन्टरनेसनलको एक कानूनी कदमको जफावमा न्यूयोर्क प्रहरी विभागले सन् २०२३ मा यस प्रविधिको प्रयोग गरेर उक्त शहरमा ब्ल्याक लाइभ्स् म्याटरको विरोध प्रदर्शनलाई निगरानी गरेको थियो भन्ने खुलासा गरेको थियो।

अनुहार पहिचान गर्ने प्रविधि (facial recognition technologies) को नीच र आपराधिक प्रयोग अधीनस्थ प्यालेस्टिनी क्षेत्रको वेस्ट बैंकमा सबैभन्दा व्यापक रहेको थियो जहाँ यसलाई इजरायलले आवतजावतको स्वतन्त्रतामाथिको प्रतिबन्धलाई थप सबल बनाउन र रंगभेदको प्रणाली कायम राख्न टेवा पुर्याउने उद्देश्यले प्रयोग गरेको थियो।

सर्बियामा अर्ध-स्वचालित सामाजिक कल्याण प्रणालीको परिचालनका कारण हजारौं मानिसहरूले महत्त्वपूर्ण सामाजिक सहायताउपर पहुँच गुमाए। यसले विशेषगरी रोमा समुदाय र अपाङ्गता भएका व्यक्तिहरूलाई असर पार्यो र परीक्षण नगरिएको स्वचालित प्रणालीले (automation) कसरी असमानतालाई बढाउँछ भन्ने स्पष्ट पारेको छ।

विश्वभरी द्वन्द्वका कारण लाखौं भागिरहेको सन्दर्भमा हिरासतको साटो डिजिटल विकल्पहरूको प्रयोग, सीमा बाह्यीकरण प्रविधि, डाटा सफ्टवेयर, बायोमेट्रिक्स र एल्गोरिदममा आधारित निर्णय प्रणाली लगायतका माध्यमबाट आप्रवसानको प्रशासन र सीमा प्रवर्तनका लागि कसरी दुर्व्यवहारपूर्ण प्रविधिहरूमा भर परिएको छ भन्ने कुराको पनि यस प्रतिवेदनले टिपोट गरेको छ। यी प्रविधिहरूको विस्तारले विभेद, नस्लवाद, र निश्चित जातीय समुदायका मानिसहरूउपर असमानुपातिक र गैरकानूनी निगरानीलाई निरन्तरता र सबलिकरण प्रदान गरेको छ।

स्पाइवयरले गर्ने मानवअधिकार उल्लङ्घनका दीर्घकालीन प्रमाणहरूको बाबजुद् र प्रायःजसो निर्वासनमा रहेका अभियन्ता, पत्रकार र मानवअधिकार रक्षकहरूप्रति यो लक्षित गरिने गरेको भएपनि स्पाइवेयर धेरै हदसम्म नियमन बाहिर नै रहेको छ। सन् २०२३ मा अर्मेनिया, डोमिनिकन रिपब्लिक, भारत र सर्बिया लगायतका देशहरूमा पत्रकार र नागरिक समाज अभियन्ताहरू विरुद्ध पेगासस स्पाइवेयर प्रयोग भएको र युरोपेली युनियनमा अवस्थित र नियमन गरिएका स्पाइवेयर खुला रूपमा संसारभरका देशहरूलाई बेचबिखन गरिएको कुरा एम्नेस्टी इन्टरनेसनलले उजागर गर्यो।

स्पाइवेयरदेखि राज्य स्वचालन र सामाजिक सञ्जालको रन-अवे एल्गोरिदमहरू लगायत पहिलेदेखि नै विद्यमान प्रविधिहरूको समष्टीद्वारा उत्पन्न भएको खतराको तहलाई गत वर्षमा जेनेरेटिभ एआईको तीव्र गतिले रूपान्तरण गरेको छ।

एआईको अति तीव्र गतिको आक्रामक विकासका सामु नियमन भने धेरै हदसम्म प्रायः स्थिर रह्यो। यद्यपि, युरोपेली नीति निर्माताहरूले यसमा केहि गर्न थालेको संकेत स्वरूप युरोपेली सङ्घव्यापी एउटा ऐतिहासिक डिजिटल सेवा ऐन सन् २०२४ को फेब्रुअरीदेखि लागू भयो। अपूर्ण र अधुरो भएपनि यसले एआई नियमनसम्बन्धी अति आवश्यक विश्वव्यापी बहस सुरू गरेको छ।

"प्रविधिहरूको अनियन्त्रित विकासले निम्त्याउने जोखिम र यसबारे नियमन र सुरक्षणका सवालमा हामी जुन ठाउँमा हुनुपर्ने हो त्यसबीच ठूलो खाडल रहेको छ। यो हाम्रो भविष्य बारेको पूर्वानुमान हो र अनियन्त्रित प्रविधिको व्यापक विस्तारलाई यदि कम नगर्ने हो भने यो समस्या झन् झन् खराब मात्रै हुनेछ," आग्नेस कालामारले भनिन्।

सशस्त्र द्वन्द्वको सन्दर्भमा इथियोपियामा कसरी फेसबुकको एल्गोरिदम्ले जातीय हिंसालाई फैलाउनमा योगदान पुऱ्यायो भन्ने कुरा एम्नेस्टी इन्टरनेसनलले उजागर गर्‍यो। विशेष गरी अस्थिरताको समयमा समुदायहरूलाई एकअर्काको विरुद्धमा खडा गर्न कसरी प्रविधिलाई हतियार बनाइन्छ भन्ने सवालमा यो एउटा प्रमुख उदाहरण हो।

निगरानीमा आधारित व्यावसायिक मोडेलद्वारा निर्देशित फेसबुक, इन्स्टाग्राम, टिकटक र युट्युब जस्ता मुख्य सामाजिक सञ्जाल प्लेटफर्महरूले निर्वाचनको सन्दर्भमा मानवअधिकार उल्लङ्घनका लागि उत्प्रेरकको रूपमा काम गर्न सक्ने भएकोले एम्नेस्टी इन्टरनेसनलले यस ऐतिहासिक चुनावी वर्षमा यी समस्याहरू थप बढ्ने पूर्वानुमान गरेको छ।

"*'इन्गेजमेन्ट'* लाई अधिकतम बनाउनेतर्फ अनुकूलन गरिएको सामाजिक सञ्जाल एल्गोरिदमहरूले कसरी घृणा, विभेद र भ्रामक सूचनालाई बढोत्तरी प्रदान गर्ने र फैलाउने काम गरेको छ भन्ने हामीले देखेका छौं। तिनीहरूले विशेषगरी उच्च राजनीतिक संवेदनशीलताको समयमा अनन्त किसिमको तथा खतरनाक फिडब्याकको दुष्चक्र सिर्जना गर्छन्। उपकरणहरूले सेकेन्ड भरमा क्रित्रिम फोटोहरू, अडियो र भिडियोहरू उत्पन्न गर्न सक्छन् र ठूलो परिमाणमा निश्चित दर्शक समूहहरूलाई लक्षित गर्न सक्छन् तर निर्वाचनसम्बन्धी नियमहरू यो खतरालाई संबोधन गर्ने दिशामा अगाडि बढ्न अझै बाँकी नै छ। आजसम्म हामीले अति धेरै गफ तर साह्रै थोरै काम भएको देखेका छौं," आग्नेस कलामारले भनिन्।

*एलजिबिटिआई* व्यक्तिहरू लगायत सीमान्तकृत समुदायहरूप्रति सामाजिक सञ्जाल प्लेटफर्महरूमा बढ्दो विभेद, उत्पीडन र दुर्व्यवहारको बीचमा नोभेम्बरमा अमेरिकी राष्ट्रपतीय निर्वाचन हुनेछ। गर्भपतन विरोधी धम्कीपूर्ण र डरलाग्दा सामग्रीहरू व्याप्त भएका छन्।

शान्तिपूर्ण प्रदर्शनकारीहरूमाथि आक्रमण र धार्मिक अल्पसङ्ख्यकहरू विरुद्ध प्रणालीगत विभेदको पृष्ठभूमिमा यसै वर्ष हुने भारतको निर्वाचनमा झण्डै एक अर्ब मानिसहरूले मतदान गर्नेछन्। प्रख्यात भारतीय पत्रकारहरूलाई लक्षित गर्न आक्रामक स्पाइवेयर प्रयोग गरिएको एम्नेस्टी इन्टरनेसनलले सन् २०२३ मा खुलासा गऱ्यो र अलि वृहद् आलोकमा हेर्दा टेक प्लेटफर्महरू राजनीतिक युद्धको मैदान बनेका छन्।

"राजनीतिज्ञहरूले भोट जित्न र आर्थिक तथा सुरक्षासम्बन्धी चिन्ताहरूका बारेमा रहेका वैध प्रश्नहरू छल्न लामो समयदेखि 'हामी विरूद्ध उनीहरू (us vs. them)' को भाष्यको फरक फरक स्वरूपलाई प्रयोग गर्दै आएका छन्। हामीले अनुहार पहिचान (facial recognition) जस्ता नियमन नगरिएका प्रविधिहरूलाई विभेदलाई थप गहिराउनका लागि कसरी प्रयोग गरिराखिएको छ भन्ने देखेका छौं। यो सँगै बिगटेकको निगरानीमा आधारित व्यावासायिक मोडेलले यस घृणाको आगोमा घिऊ थपिरहेको छ जसले शक्ति वा भोटलाई सञ्चय गर्नको निम्ति प्रताडित गर्न, मानव नै होइन जसरी अपमानित गर्न र खतरनाक भाष्यहरूको विस्तार गर्न गलत मनसाय भएका मानिसहरूलाई

मद्दत गर्दछ। प्रविधिको विकासले द्रुत गतिमा जवाफदेहितालाई पछाडि पारिरहेको सन्दर्भमा यो भोलिका दिनमा आइलाग्न सक्ने आङ नै जिरिङ्ग पार्ने खालको पिशाच हो," आग्नेस कालामारले भनिन्।

## अभूतपूर्व विश्वव्यापी परिचालन

"शक्तिशाली देश तथा गैरराज्य कर्ताका कार्यले हामीलाई प्रभावकारी नियमहरू बिनाको संसारको अराजकतातर्फ धकेलेको हामीले देखेका छौं, जहाँ कुनै प्रभावकारी प्रशासन बिनाका क्रान्तिकारी प्रविधिहरूले निर्दयी ढङ्गमा नाफा कमाउने कुरा प्रचलन बनेको छ। तर धेरै सरकारहरूले अन्तर्राष्ट्रिय कानुन पालना गर्न विफल भएको अवस्थामा हामीले अन्य सरकारले कानुनको शासनको अनुपालनाको निम्ति अन्तर्राष्ट्रिय संस्थाहरूलाई पुकार गरेको पनि देख्यौं। र जहाँ विश्वभरका नेताहरू मानवअधिकारको निम्ति खडा हुन विफल भएका छन् त्यहाँ सर्वसाधारणहरू एउटा बढि आशावादी भविष्यको निम्ति मार्च गर्न, विरोध प्रदर्शन गर्न र गुनासो जनाउनका लागि जुर्मुराएको पनि हामीले देख्यौं," आग्नेस कलामारले भनिन्।

इजरायल-हमास द्वन्द्वले विश्वभर सयौं विरोध प्रदर्शनहरू निम्त्यायो। प्यालेस्टिनीहरूले गाजामा भोगिरहेका स्तब्ध पार्ने खालको पीडाको अन्त्यका लागि युद्धविरामका साथै हमास र अन्य सशस्त्र समूहहरूले नियन्त्रणमा लिएका बन्धकहरूको रिहाईका लागि आम मानिसले धेरै सरकारहरूले भन्दा अगाडि नै माग गरे। अन्यत्र, लैङ्गिक न्याय विरूद्धको पश्चगमनले स्थान लिँदा गर्भपतनको अधिकारको माग गर्दै संयुक्त राज्य अमेरिका, एल साल्भाडोर र पोल्याण्डमा मानिसहरू सडकमा उत्रिए। जीवाश्म इन्धनको न्यायोचित र द्रुत प्रतिस्थापनको लागि आह्वान गर्न विश्वभरी हजारौं व्यक्तिहरू युवाद्वारा नेतृत्व लिइएको *फ्राइडेज् फर फ्युचर* आन्दोलनमा सामेल भए।

अथक अभियानहरूले सन् २०२३ मा केही महत्त्वपूर्ण मानवअधिकार जितहरू पनि हाँसिल भएको छ। अनलाइन यौन हिंसा अन्त्यका लागि ताइवानको *ह्यासट्याग मिटू* (#MeToo) आन्दोलन र अन्य नागरिक समाज संस्थाहरूको पैरवी पछि सरकारले ताइवानको "यौन आक्रमण अपराध रोकथाम ऐन"को संशोधन पारित गऱ्यो।

जे आवश्यक थियो त्यो भन्दा कम नै भएपनि कोप २८ ले जीवाश्म ईन्धनको प्रयोगबाट "अन्य विकल्पमा संक्रमण" गर्नमा सहमति जुटायो। कोपको निर्णयमा पहिलो पटक जीवाश्म ईन्धनलाई उल्लेख गरिएको थियो। वर्षौंको अभियानपछि जुलाई २०२० मा आधारहीन आरोपमा दोषी ठहर गरिएका टर्कीको बुयुकाडा केसका चार मानवअधिकार रक्षकहरू टानर किलिच, इदिल एसर, ओजेलेम डल्किरान र गुनल कुर्सुन अन्ततः निर्दोष करार गरिए।

कैयौं मध्येको एक उदाहरणमा महिनौंको अभियान पछि अफगानी शिक्षा अभियन्ता मतिउल्लाह वेसा गत अक्टोबरमा रिहा भएका थिए। बालिकाहरूको शिक्षाको अधिकारको प्रवर्धन गरेकोमा र बालिकाहरूलाई माध्यमिक शिक्षा लिनबाट प्रतिबन्ध लगाउने तालिबानी नीतिको आलोचना गरेकोमा उनले झण्डै सात महिना जेलमा बिताए।

"दुर्व्यवहार र नेताहरूको जवाफदेहितामाथि प्रकाश पार्नको लागि विरोध गर्ने अधिकार महत्त्वपूर्ण छ। आफूले मानवअधिकार चाहेको मानिसहरूले पर्याप्त मात्रामा स्पष्ट पारिसकेका छन् अब सरकारहरूले मानिसका आवाज सुनिरहेको प्रमाणित गर्ने दायित्व उनीहरूमा नै रहेको छ", आग्नेस कलामारले भनिन्।

"वर्तमान निराशाजनक विश्वव्यापी अवस्थालाई ध्यानमा राख्दै मानवताको रक्षाका लागि स्थापना गरिएका अन्तर्राष्ट्रिय संस्थाहरूलाई पुनरुत्थान र नवीकरण गर्न तत्काल उपायहरू अवलम्वन गर्न आवश्यक छ। सर्वसाधरणको संरक्षणलाई नै रोक्ने र आफ्नो भूराजनीतिक गठबन्धनलाई बलियो बनाउने गरी स्थायी सदस्यहरूले आफ्नो भिटो शक्तिको बेलगाम प्रयोग गर्न नसकुन् भन्ने उद्देश्यका लागि संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्को सुधारका लागि कदमहरू चालिनुपर्दछ। *एआई* प्रविधिहरूबाट हुने जोखिम र हानिहरूलाई सम्बोधन गर्न र *बिगटेक*लाई नियन्त्रण गर्न पनि सरकारहरूले बलियो विधायिकी र नियामक कदमहरू चाल्नुपर्छ।"

**समाप्त**

## सम्पादकहरूका लागि नोट

- एम्नेस्टी इन्टरनेसनलको "द स्टेट अफ द वर्ल्ड्‌र्स ह्युमन राइट्स्" प्रतिवेदनमा १५५ देशका प्रविष्टिहरू, पाँच क्षेत्रीय अवलोकन र एउटा विश्वव्यापी विश्लेषणका साथै संस्थाका महासचिव आग्नेस कालामारद्वारा उनको आफ्नै शब्दमा प्रस्तुत गरिएको मानवअधिकारको अवस्थाको सिंहावलोकनको प्राक्कथन रहेको छ।

- विश्वव्यापी विश्लेषण प्रतिवेनमा अभिलेख गरिएका धेरै प्रवृतिहरूमध्ये विश्वव्यापी स्तरमा प्रकाशमा आएका चारवटा मुद्दाहरूमा केन्द्रित छः सशस्त्र द्वन्द्वमा सर्वसाधरणहरूलाई फाल्तु वस्तुको रूपमा गरिएको व्यवहार ; लैङ्गिक न्याय विरूद्ध बढ्दो पश्चगमन; सबैभन्दा सीमान्तकृत समुदायमाथि आर्थिक संकट, जलवायु परिवर्तन र वातावरणीय ह्रासको असमानुपातिक प्रभाव; र जेनेरेटिभ एआई लगायत नयाँ र विद्यमान प्रविधिहरूबाट उत्पन्न भएका खतराहरू। एम्नेस्टी इन्टरनेसनलको दृष्टिकोणमा यी सवालहरू सन् २०२४ र त्यसपछि पनि विश्वभर मानवअधिकारका लागि महत्त्वपूर्ण चुनौतीहरूका रूपमा रहने छन्।

## विश्वव्यापी विश्लेषण

सन् २०२३ मा मानवअधिकार दुर्व्यवहारहरू व्यापक थिए। बढ्दो संख्याका द्वन्द्वहरूमा राज्य र सशस्त्र समूहहरूले बारम्बार गैरकानूनी आक्रमण र हत्याहरू गरे। संसारभरका अधिकारीहरूले अभिव्यक्ति स्वतन्त्रता, संघ संगठन खोल्ने स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने स्वतन्त्रतामाथि दमन गरेर, मानवअधिकार रक्षक, राजनीतिक विपक्षी र अन्य अभियन्ताहरूलाई स्वेच्छाचारी रूपमा गिरफ्तार गरेर र कहिलेकाहीं यातना तथा अन्य दुर्व्यवहार गरेर असहमतिलाई दमन गरे। धेरै राज्यहरू आर्थिक अन्याय र जलवायु सङ्कटलाई बेवास्ता गर्दै मानिसको खाद्य, स्वास्थ्य, शिक्षा र स्वस्थ वातावरणको अधिकार परिपूर्ति गर्नका लागि उपायहरू अपनाउन पनि विफल भए। सरकारहरूले शरणार्थी र आप्रवासीहरूलाई प्रायः अपमानजनक र नश्लवादी तरिकाले व्यवहार गरे। महिला, एलजिबिटिआई मानिस, आदिवासी जनजाति र जातीय वा धार्मिक समुदायहरू विरुद्ध गहिरो रूपमा जरा गाडेर रहेको विभेदले उनीहरूलाई सीमान्तकृत बनाउनुका साथै हिंसा र आर्थिक तथा सामाजिक अधिकार उल्लङ्घनको असमानुपातिक जोखिममा पुर्याएको छ। बहुराष्ट्रिय कर्पोरेट कर्ताहरूले कतिपय यी दुर्व्यवहार गर्नमा भूमिका खेलेका छन्। क्षेत्रीय अवलोकनहरूले क्षेत्रीय स्तरमा देखिएका यस्ता प्रवृत्तिहरूमाथि थप व्याख्या गरेका छन्।

यो विश्वव्यापी विश्लेषण विश्वव्यापी स्तरमा देखिएका यिनै प्रतिकूल प्रवृत्तिहरूमध्ये केहीमाथि प्रकाश पार्ने चारवटा मुद्दाहरूमा केन्द्रित छः सशस्त्र द्वन्द्वमा नागरिकलाई खर्चिन मिल्ने वा नाश हुन दिन मिल्ने खालको व्यवहार; लैङ्गिक न्याय विरुद्ध बढ्दो प्रतिघात; सबैभन्दा सीमान्तकृत समुदायमाथि आर्थिक सङ्कट, जलवायु परिवर्तन र वातावरणीय ह्रासको असमानुपातिक प्रभाव; र जेनेरेटिभ आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लगायत नयाँ र विद्यमान प्रविधिहरूबाट उत्पन्न भएका खतराहरू। एम्नेस्टी इन्टरनेसनलको दृष्टिकोणमा यी सवालहरू सन् २०२४ र त्यसपछि पनि विश्वभर मानवअधिकारका लागि महत्त्वपूर्ण चुनौतीहरूका रूपमा रहने छन्। राज्यहरूले यी समस्यालाई व्यवस्थापन गर्न तथा थप द्वन्द्व र संकटहरू देखा पर्न वा गहिरिनबाट रोक्नको लागि ठोस कदम चाल्नुपर्छ।

## सशस्त्र द्वन्द्वमा नागरिकहरूप्रतिको व्यवहार

राज्य र सशस्त्र समूहहरूले सशस्त्र द्वन्द्वहरूमा नागरिकहरूलाई खर्चिन मिल्ने वा नास हुन दिन मिल्ने वस्तु सरह व्यवहार गरेका छन् र कतिपय यस्तो व्यवहार नश्लीय र जातीय विभेदमा निहित छन्। हालको अन्तर्राष्ट्रिय प्रणालीले सामान्यतया जातिवादी दोहोरो मापदण्ड र शक्तिशाली राज्यहरूबीचको प्रतिद्वन्द्विताका कारण उनीहरूलाई जोगाउन तत्काल र प्रभावकारी कदम चाल्न सकेको छैन।

### अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लङ्घन

युद्धको कानूनको रूपमा पनि बुझिने अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघन र बङ्ग्याइले नागरिकका लागि विनाशकारी परिणाम ल्याएको छ। धेरै द्वन्द्वहरूमा सरकारी बलहरू मानिसको बसोवास भएको क्षेत्रमा व्यापक प्रभाव पार्ने हतियारहरूको प्रयोग गरी गरिने थल र हवाई आक्रमणहरूमा भर परेका छन्। यसले धेरै सङ्ख्यामा सर्वसाधारणको हताहति हुनुका साथै घर र पूर्वाधारमा व्यापक विनाश हुन पुगेको छ।

द्वन्द्वका केही पक्षहरूले अन्तर्राष्ट्रिय मानवीय कानूनको नियमहरूलाई सम्मान गर्ने जिम्मेवारी ऐच्छिक भएको झैं तरिकाले लिएका छन्। युक्रेन विरुद्ध रूसद्वारा भएको आक्रमण लगातार युद्ध अपराधहरूले चित्रित भएको छ। रूसी सेनाहरूले मानिसका बसोवास भएको क्षेत्र, नागरिक ऊर्जा केन्द्र र अन्न निर्यात पूर्वाधारहरूमा अन्धाधुन्ध आक्रमण गरेका छन्। युद्ध बन्दीहरूलाई यातना दिएका छन् वा अन्यथा दुर्व्यवहार पनि गरेका छन्। साथै काखोभ्का बाँधको जानाजानी विनाश गर्ने लगायतका कार्यहरूमार्फत व्यापक वातावरणीय प्रदूषण निम्त्याएका छन्। म्यानमारको सेना र सम्बद्ध मिलिसियाहरूले नागरिकहरू विरुद्ध लक्षित र अन्धाधुन्ध आक्रमणहरू सञ्चालन गरेका छन् जसको

परिणामस्वरूप सन् २०२३ मा १,००० भन्दा बढी नागरिकको मृत्यु भएको छ। यद्यपि रुस र म्यानमार सरकारले डर लाग्दा उल्लङ्घनहरूका सवालमा कुनै पनि प्रतिक्रिया दिएका छैनन्। ति उल्लङ्घनहरूमा छानबिन गर्ने प्रतिबद्धताको त कुरै छाडौं। दुवै देशले चीनबाट आर्थिक र सैन्य सहयोग प्राप्त गरेका छन्।

सुडानमा युद्धरत दुवै पक्षहरू सुडान सशस्त्र बल र द्रुत समर्थन बल (Rapid Support Forces) ले अन्तर्राष्ट्रिय मानवीय कानूनप्रति कम चासो देखाउँदै सघन जनसंख्या भएको क्षेत्रहरूबाट विस्फोटक हतियारहरू प्रहार र लक्षित आक्रमणहरू गर्दै सर्वसाधारणहरूलाई मार्ने र घाइते बनाउने काम गरेका छन्। लडाईं सुरू भएको सन् २०२३ अप्रिलदेखि वर्षको अन्त्यसम्ममा १२,००० भन्दा बढी मानिसहरू सुडानमा मारिएका छन्, ५८ लाख भन्दा बढी अन्य नागरिक आन्तरिक रूपमा विस्थापित भएका छन् र लगभग १४ लाख शरणार्थीको रूपमा देशबाट भागेका छन्।

इजरायली अधिकारीहरूले गाजामा गरेको आक्रमणमा अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना गरेझैं देखाउने ठूलो प्रयास गरेका छन्। तर वास्तवमा उनीहरूले अन्तर्राष्ट्रिय मानवीय कानूनका केही मूल मापदण्डहरूको धज्जी उडाएका छन्। उनीहरूले सैनिक उद्देश्यलाई मात्र लक्षित गरिनुपर्ने "डिस्टिङ्क्सन" र समानुपातिकताको सिद्धान्तहरूलाई बेवास्ता गर्दै धेरै नागरिकको हत्या र नागरिक सम्पत्तिको ठूलो विनाश गरेका छन्। सन् २०२३ को अन्त्यसम्म उनीहरूको अथक बमबारी र स्थल आक्रमणले गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार २१,६०० प्यालेस्टिनीहरूको मृत्यु भएको थियो जसमध्ये एक तिहाइ बालबालिका रहेका थिए। इजरायली सेनाले शरणार्थी शिविर र आवासीय भवनहरूमाथि बमबारी गरी बारम्बार सम्पूर्ण परिवारहरूलाई नै सखाप पार्ने र अस्पताल, संयुक्त राष्ट्रसङ्घद्वारा सञ्चालित विद्यालय, बेकरी र अन्य महत्त्वपूर्ण पूर्वाधारहरू नष्ट गर्ने कार्यले इजरायद्वारा भएका युद्ध अपराधका प्रमाणहरूमा वृद्धि भएका छन्। उनीहरूले उत्तरी गाजा खाली गराउन आफूले दिएको आदेशलाई प्रभावकारी चेतावनी र सावधानीको रूपमा देखाउन खोजेका छन्। तर व्यवहारमा, लगभग १९ लाख प्यालेस्टिनीहरू (गाजाको कुल २३ लाख जनसंख्याको ८३%) जबर्जस्ती विस्थापित भएका छन् र गाजामा चलिरहेको अवैध नाकाबन्दीको कारण उनीहरूलाई जानाजानी मानवीय सहायता पनि दिइएको छैन। यी र इजरायली सरकारी अधिकारीहरूद्वारा प्यालेस्टिनीहरू विरुद्ध बढ्दो रूपमा प्रकट नश्लवादी र अमानवीय व्यवहार र भाषणवाजी लगायतका अन्य कारकहरू गाजामा जारी नरसंहारका चेतावनीका संकेतहरू थिए।

यसैबीच, हमास र अन्य प्यालेस्टिनी सशस्त्र समूहहरूले इजरायले बमबारी र स्थल आक्रमण गर्नुअघि सन् २०२३ को अक्टोबर ७ मा गरेको आक्रमणलाई इजरायलले लामो समयदेखि गाजा र वेस्ट बैंकमा कायम राखेको सैन्य कब्जाको प्रतिरोधको रूपमा जायज ठहराएका छन्। यद्यपि, इजरायलमा जानाजानी सर्वसाधारणको हत्या, २४५ जनालाई बन्धक बनाउने कार्य र इजरायलमा अन्धाधुन्ध रकेट प्रहार गर्नेलगायतका अपराधहरूले अन्तर्राष्ट्रिय मानवीय कानूनको अवहेलना हुन पुगी युद्ध अपराध भएको छ।

गाजामा नागरिक रक्तपात, विनाश र पीडाको तह उदेक लाग्दो गरी बढिरहेको भएपनि संयुक्त राज्य अमेरिका र धेरै युरोपेली राज्यहरूले सार्वजनिक रूपमा इजरायलको दृष्टिकोणलाई समर्थन गरेका छन्। केही राज्यहरू, विशेष गरी संयुक्त राज्य अमेरिकाले, मानवअधिकारको स्पष्ट उल्लङ्घनमा प्रयोग गरिएका हतियारहरू इजरायललाई आपूर्ति गर्न जारी राखेको छन्। रुस र हमासले गरेको युद्ध अपराधको बारेमा जायज विरोध गरेका यी राष्ट्रहरूले अन्तर्राष्ट्रिय मानवीय कानूनको सम्मान र नागरिकहरूको संरक्षणमा कुठाराघात गर्दै घोर दोहोरो मापदण्ड प्रदर्शन गरेका छन्। यसले अन्तर्राष्ट्रिय मानवीय कानून र नागरिकहरूको संरक्षणको सम्मानलाई कमजोर पार्दैछ। दक्षिण अफ्रिकाले गाजामा सन् १९४८ को आम नरसंहारसम्बन्धी महासन्धिको उल्लङ्घन गरेको भन्दै इजरायलविरुद्ध अन्तर्राष्ट्रिय अदालतमा मुद्दा हालेको छ।

त्यसैगरी सन् २०२३ मा सरकारी सेना र सशस्त्र समूहहरूले अफगानिस्तान, बुर्किना फासो, क्यामरून, सेन्ट्रल अफ्रिकन रिपब्लिक (CAR), प्रजातान्त्रिक गणतन्त्र कंगो (DRC), इथियोपिया, लिबिया, माली, नाइजर, नाइजेरिया,

सोमालियामा, दक्षिण सुडान, सिरिया र यमनमा भइरहेका सशस्त्र द्वन्द्वमा अन्तर्राष्ट्रिय मानवीय कानूनलाई बेवास्ता गरे। नागरिकहरू अन्धाधुन्ध र गैरकानूनी हमलाहरूको चपेटामा परेका थिए, जसमध्ये केही युद्ध अपराधहरू थिए।

लिङ्गमा आधारित हिंसा यी द्वन्द्वहरूको एउटा प्रमुख विशेषता रहेको छ। इरिट्रियन डिफेन्स फोर्सद्वारा भएको यौन हिंसाको व्यापक सन्दर्भमा यस फोर्सका सिपाहीहरूले सन् २०२३ मा कम्तिमा १५ महिलाहरूलाई अपहरण गरी इथियोपियाको टिग्रे क्षेत्रको सैन्य शिविरमा लगभग तीन महिनासम्म राखी लगातार बलात्कार गरे। सन् २०२३ को पहिलो त्रैमासिकमा डिआरसिमा मात्र नोर्ड-किभु प्रान्तमा ३८,००० भन्दा बढी यौन हिंसाका घटनाहरूको रिपोर्ट गरिएको थियो।

सरकारहरूले सैन्य कारबाही र नागरिकहरूमा परेको प्रभावको आलोचना गर्ने आवाजहरूलाई दबाएका छन्। रूसले सन् २०२३ मा युद्ध-समयको नियमन (सेन्सरशिप)लाई नयाँ उचाइमा पुर्‍याएको छ। द्वन्द्व र द्वन्द्वपछिको अवस्थाहरूमा काम गर्ने मानवअधिकार रक्षक, मिडिया र राजनीतिक कार्यकर्ताहरूमाथि आक्रमण भएको छ। महिला मानवअधिकार रक्षकहरूले विशेष चुनौतीहरूको सामना गरेका छन्।[1]

## नश्लीय र जातीय विभेद

यी सशस्त्र द्वन्द्वहरू र तिनको जवाफी प्रतिक्रियाहरूको मुटुमा नश्लवाद रहेको छ।

इजरायल र अधीनस्थ प्यालेस्टिनी भूभागको द्वन्द्वको मूल कारकको रूपमा मुख्यतया उग्र स्वरूपको नश्लीय विभेद नै रहेको छ। प्यालेस्टिनीहरू विरुद्ध इजरायलद्वारा जारी रंगभेदपूर्ण प्रणालीअन्तर्गत इजरायलले भूमिगत विभाजन, पृथकीकरण र नियन्त्रण, भूमि र सम्पत्तिबाट बेदखलीकरण र आर्थिक तथा सामाजिक अधिकारबाट वञ्चित गरी प्यालेस्टिनीहरूमाथि दमन र प्रभुत्व जमाउन जारी राखेको छ।

यी द्वन्द्वहरूको जवाफी प्रतिक्रियामा जातिय विभेद पनि देखिएको छ। इजरायल र अधीनस्थ प्यालेस्टाइनी भूभागको द्वन्द्व मात्र नभई यसले निम्त्याएको परिणाममा समेत व्यक्त व्यवहार, बोली र नीतिहरूमा संयुक्त राज्य अमेरिका र धेरै युरोपेली राज्यहरूको दोहोरो चरित्र स्पष्ट भएको छ। धेरै सरकारहरूले प्यालेस्टिनीहरूसँग ऐक्यबद्धता जनाउँदै गरिएका विरोध प्रदर्शनहरूमाथि गैरकानूनी प्रतिबन्धहरू लगाएका छन्। सन् २०२३ मा अस्ट्रिया, फ्रान्स, जर्मनी, हंगेरी, पोल्याण्ड र स्विट्जरल्याण्डका सरकारहरूले सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षामा हुने अस्पष्ट जोखिम र केही अवस्थामा त जातीय "स्टेरियोटाइप"हरूको उल्लेख गर्दै त्यस्ता विरोध प्रदर्शनहरूलाई अग्रिम रूपमै प्रतिबन्ध लगाए। संयुक्त राज्य अमेरिका, पश्चिमी यूरोप र अन्यत्रका मिडिया र राजनीतिज्ञहरूले बारम्बार यस्तो भाषा र बयानबाजीलाई प्रयोग गरेका छन् जसले प्यालेस्टिनीहरूलाई अमानवीय बनाएको छ, उनीहरू विरुद्ध नश्लीय विचारहरू फैलाएको छ र मुस्लिमलाई आतंकवादी सरह हेरिएको छ।

यसै सन्दर्भमा, युरोप र अमेरिकामा यहुदि विरोधी र मुस्लिम विरोधी घृणा अपराधहरू बढेका छन्। प्यालेस्टिनी र यहूदी समुदायहरू विरुद्ध अनलाइनमा उत्तेजना फैलाउने र अन्य हानिकारक सामग्रीको प्रयोग डरलाग्दो रूपमा बढेको छ। प्यालेस्टिनी र प्यालेस्टिनी अधिकारका वकालतकर्ताहरूले राखेका सामग्रीहरूलाई विभिन्न सामाजिक सञ्जाल प्लेटफर्महरूले संभवतः विभेदयुक्त तवरमा सामग्री काँटछाँट (discriminatory content moderation) गर्ने गरिएको जनाइएको छ।[2]

यसैबीच, सन् २०२३ को अक्टोबरमा सार्वजनिक गरिएको इथियोपियामा गरिएको अनुसन्धानले फेसबुक प्लेटफर्ममा कसरी उत्तेजनात्मक सामग्रीलाई फैलाउन रोक्न मेटाद्वारा भएको असफलताले टिग्रायन समुदायका सदस्य विरुद्ध हत्या र अन्य गम्भीर मानवअधिकार उल्लङ्घन हुनमा योगदान पुर्‍याएको थियो भनेर देखाएको छ।[3]

द्वन्द्व र अन्य सङ्कटबाट भागेकाहरूप्रति गरिएको व्यवहारमा पनि नश्लवाद प्रस्ट देखिएको छ। युरोपेली संघ (EU), अन्य युरोपेली राज्यहरू र संयुक्त राज्य अमेरिकाले अपनाएका वा कायम राखेका आप्रवासन रोकथाम र बाह्यकरणका नीतिले द्वन्द्वका साथै अन्य सङ्कटहरूबाट भागेका मानिसहरूलाई जोखिमयुक्त यात्राका लागि बाध्य

पारेको छ। सुरक्षा खोज्दै आएका युक्रेनीहरूप्रति उनीहरूले देखाएको सामान्यतया सकारात्मक व्यवहारको तुलनामा अन्यको हकमा उनीहरूले गरेको यस्तो व्यवहार फरक देखिएको छ। एउटा सकारात्मक विकासका रूपमा सन् २०२३ मेमा डेनमार्क, फिनल्याण्ड र स्वीडेनले अफगानी महिला र बालिकाहरूलाई शरणार्थीको हैसियतको मान्यता दिने दिशामा कदमहरू चालेका थिए। यद्यपि, सामान्यतया युरोपेली देशहरूले द्वन्द्व र गम्भीर मानवअधिकार उल्लङ्घनबाट भागेका अफगानी र अन्य मानिसहरूको संरक्षणका लागि पर्याप्त सुरक्षित र नियमित मार्गहरू उपलब्ध गराउन विफल भएका छन्।

## अन्तर्राष्ट्रिय प्रणाली

बहुपक्षीय संस्थाहरू प्रायः सशस्त्र द्वन्द्वका पक्षहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानूनको पालनाका लागि दबाब दिन असमर्थ वा अनिच्छुक देखिएका छन्। स्रोत साधनमा देखिएको कमी एउटा कारक भए पनि यी संस्थाहरू भित्रका धेरै कर्ताहरूले साहस प्रदर्शन गर्न वा आफ्नै सिद्धान्तहरूलाई निरन्तर व्यवहारमा लागू गर्न विफल भएका छन्। अझ नराम्रो त केही सदस्यहरूले मानवद्वेषी र स्वार्थी प्रवृत्तिका जसरी पनि खेल जित्नै पर्ने भन्ने खालको व्यवहार प्रदर्शन गरेका छन्।

संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले अहिलेका प्रमुख द्वन्द्वहरूमा प्रभावकारी कदम चाल्न सकेको छैन। आङ्कलन गरिएअनुसारै गाजामा युद्धविरामको लागि आह्वानका लागि परिषद्लाई बारम्बार रोक्ने उद्देश्यको लागि संयुक्त राज्य अमेरिकाले आफ्नो भिटो शक्तिलाई हतियारको रूपमा प्रयोग गरेको छ।[4] यद्यपि साझा धरातल वा अवधारणमा केन्द्रित कतिपय सवालमा समेत सुरक्षा परिषद्को दुर्बलता फैलिएको छ। सन् २०२३ को जुलाई मा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले सिरियामा मानवीय सहायता वितरणको लागि अन्तर सीमा संयन्त्रलाई पुनःआधिकारिकता प्रदान गर्न विफल भयो। बालबालिका र सशस्त्र द्वन्द्वसम्बन्धी यसको कार्य समूह अफगानिस्तान, म्यानमार, सोमालिया र सिरियामा बालबालिका विरुद्धको गम्भीर उल्लङ्घनमा एक वर्ष र केही उदाहरणमा दुई वा दुई वर्ष भन्दा बढी समयसम्मको वार्ताका बाबजुत पनि सहमतिमा पुग्न विफल भयो।

सशस्त्र द्वन्द्वका नतिजाहरूलाई सम्बोधन गर्ने सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को एकै खालको अभिलेख रहेको छैन। सन् २०२३ मा यसले सुडानमा मानवअधिकार अनुगमन संयन्त्रको स्थापना गऱ्यो र रूसमा मानव अधिकारसम्बन्धी रिपोर्टिङलाई विस्तार गऱ्यो। यद्यपि, केही महत्त्वपूर्ण कार्यदिशहरूलाई विस्तार गर्न भने यो विफल भयो। यसरी कार्यदिश विस्तार नगरिएको मध्येमा इथियोपियाका मानवअधिकार विज्ञहरूको अन्तर्राष्ट्रिय आयोग एक रहेको छ। इथियोपियामा द्वन्द्वका कारण छ लाख नागरिकको मृत्यु भएको र आयोगले "थप अत्याचारको तीव्र जोखिम" रहेको चेतावनीका बाबजुद आयोगको कार्यदिश थपिएन। लिबियामा घोर उल्लङ्घनहरू दण्डहीनताको साथ निरन्तर जारी रहेको कुरा लिबियाको फ्याक्ट फाइन्डिङ्ग मिसनको निष्कर्श रहेको भएपनि यसको कार्यदिशलाई विस्तार गरिएन। केही राज्यहरूले सक्रिय रूपमा यी महत्त्वपूर्ण कार्यदिशहरूको विस्तारमा विरोध गरे र पहिले यी कार्यदिश स्थापनाका लागि समर्थन गरेका राज्यहरूले प्रतिरोधका बीच आफ्नो समर्थनलाई त्यागे।

जीवन र मृत्युका सवालमा समेत निर्णय गर्नका लागि एआई-सञ्चालित एल्गोरिद्महरूलाई जिम्मा दिने जोखिमतासहित स्वायत्त हतियार प्रणालीहरूमा भएको अनियन्त्रित विकासका गम्भीर खतराहरूलाई सम्बोधन गर्न संयुक्त राष्ट्रसङ्घ इच्छुक रहेको कम्तिमा केही सङ्केतहरू देखिएका थिए। संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २०२३ को डिसेम्बरमा यस मुद्दालाई सम्बोधन गर्नुपर्ने गम्भीर आवश्यकतालाई जोड दिँदै एउटा व्यापक रूपमा समर्थन प्राप्त प्रस्तावलाई पारित गऱ्यो। संयुक्त राष्ट्रका महासचिव र रेड क्रसको अन्तर्राष्ट्रिय समितिले सन् २०२६ सम्ममा स्वायत्त हतियार प्रणालीका सम्बन्धमा एउटा कानूनी रूपमा बाध्यकारी सन्धिमा सम्झौता गर्न राष्ट्रहरूलाई आह्वान गरेका छन्।

सशस्त्र द्वन्द्वहरूमा अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराधहरूको लागि जवाफदेहिता सामान्यतया दुर्ग्राह्य वा अप्राप्य (elusive) रहेको छ र अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) को अभियोजकको कार्यालयले उसको

निगरानीअन्तर्गतका परिस्थितिहरूका सवालमा दोहोरो मापदण्ड र आफूखुसी छनौटको (selectivity) व्यवहार देखाएको छ। अभियोजकको कार्यालयले केन्या र युगान्डामा आफ्नो अनुसन्धान बन्द गर्यो र नाइजेरियामा पहिले घोषणा गरिएको अनुसन्धान सुरू गर्न विफल भयो। यद्यपि, एम्नेस्टी इन्टरनेसनलले अन्तर्राष्ट्रिय कानूनअन्तर्गतका अपराधहरू अभिलेखीकरण गरेको धेरै परिस्थितिहरूमा आईसीसीको अनुसन्धान जारी रहेको छ। उल्लेखनीय कुरा के रहेको छ भने रूसका राष्ट्रपति भ्लादिमिर पुटिन र बाल अधिकार आयुक्त मारिया लभोभा-बेलोभा विरुद्ध युद्ध अपराधको आरोपमा आईसीसीले गिरफ्तारी पूर्जी जारी गरेको छ र दक्षिण अफ्रिकाको एक उच्च अदालतले पुष्टि गरेअनुसार आईसीसीका सदस्य राष्ट्रहरूमा उनीहरूलाई गिरफ्तार गरी बुझाउनुपर्ने बाध्यकारी दायित्व रहेको छ। आईसीसी अभियोजकले प्यालेस्टाइनको स्थितिबारे आईसीसीको जारी अनुसन्धानले ७ अक्टोबर र त्यसपछि इजरायल र अधीनस्थ प्यालेस्टिनी भूभागहरूमा गरिएका कार्यहरूलाई समेट्ने छ भन्दै वक्तव्य जारी गरेको छ।

यसका अतिरिक्त सन् २०२३ मेमा नरसंहारको अपराध, मानवता विरुद्धको अपराध, युद्ध अपराध र अन्य अन्तर्राष्ट्रिय अपराधहरूको अनुसन्धान र अभियोजनमा अन्तर्राष्ट्रिय सहयोगसम्बन्धी लुब्लियाना - द हेग महासन्धि (पारस्परिक कानूनी सहायता महासन्धि) को अनुमोदनले अन्तर्राष्ट्रिय कानूनअन्तर्गतका अपराध पीडितहरूलाई राष्ट्रिय अदालतहरूमार्फत न्याय पछ्याउने अवसरहरू खोल्नेछ।[5]

**संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्लाई सुधार गर्नका लागि कदम चाल्नुपर्दछ ताकि स्थायी सदस्यहरूले अनियन्त्रित तरिकाले भिटो शक्ति प्रयोग गर्न नसकुन्। सदस्य राष्ट्रहरूले कुनै शर्त नराखी पारस्परिक कानूनी सहायता महासन्धिमा हस्ताक्षर र अनुमोदन गर्नुपर्छ। सदस्य राष्ट्रहरूले नक्सलवादी र जातीय विभेदलगयात द्वन्द्वका मूल कारणहरूलाई सम्बोधन गर्नुपर्दछ र सशस्त्र द्वन्द्वमा नागरिकहरूको संरक्षण सहित अन्तर्राष्ट्रिय मानवीय कानूनको सम्मानलाई सुनिश्चित गर्नुपर्दछ। सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्, विशेष कार्यविधि प्रणाली र अन्तर्राष्ट्रिय कानूनअन्तर्गतका अपराधहरूको अनुसन्धान गर्ने, प्रतिवेदन गर्ने र प्रमाण संरक्षणमा काम गर्ने निकायका साथै रोकथाममा भूमिका खेल्ने संयुक्त राष्ट्रसंघका संस्थाहरूलाई सबल बनाउनु पर्दछ।**

# लैङ्गिक न्याय विरुद्धको प्रतिघात

केही देशहरूमा भएका प्रगतिका बाबजुत महिला, बालिका र एलजिबिटिआई व्यक्तिहरूको अधिकार विरुद्धको प्रतिघात तीव्र भएको छ। धेरै सरकारहरूले यौन तथा प्रजनन् अधिकार र एलजिबिटिआई अधिकारहरूलाई कमजोर पारेका छन् र लैङ्गिक हिंसालाई सामना गर्न विफल भएका छन्।

## विभेद तथा यौन र प्रजनन् अधिकार

हालैका वर्षहरूमा महिला अधिकार रक्षक र नागरिक समाज संगठनहरूले महिला अधिकार तथा यौन र प्रजनन अधिकारको सम्मानका लागि प्रगति हाँसिल गरेका छन्। यद्यपि, यी उपलब्धिहरूलाई कमजोर बनाइँदैछ। युएन वुइमिनले लैङ्गिक असमानता बढ्दै गइरहेको चेतावनी दिएको छ।

कतिपय सरकारहरूले महिला र बालिकाहरूमाथि हुने विभेदलाई अझ बलियो बनाएका छन्। अफगानिस्तानमा अधिकारीहरूले महिला र बालिकाहरूलाई प्राथमिक शिक्षालय भन्दा माथिको शिक्षा आर्जन गर्न, संयुक्त राष्ट्रसङ्घका कार्यालय र गैरसरकारी संस्थाहरूसँग काम गर्न तथा अधिकांश सार्वजनिक कार्यालयहरूमा रोजगारी गर्नमा प्रतिबन्ध लगाएका छन्। इरानमा अधिकारीहरूले महिलाहरूले बुर्का लगाउने नियमको कार्यन्वयनका लागि दमन तीव्र बनाएका छन्। यी दुवै देशका महिलाहरूले आफ्नो अधिकारको अभ्यास वा दावी गरेकोमा राज्यको क्रूर प्रतिशोधको सामना गरेका छन्। फ्रान्समा सन् २०२३ मा अधिकारीहरूले मुस्लिम महिला र बालिकाहरू विरुद्ध विभेद गर्दै विद्यालय र खेलकुद्मा धार्मिक पहिरन मानिने कपडाहरूमाथिको प्रतिबन्धलाई बढाए।

सन् २०२३ मा यौन र प्रजनन अधिकारमा केही देशहरूमा प्रगति भएको थियो। होन्डुरसमा सरकारले आपतकालीन गर्भनिरोधक चक्कीको प्रयोग र बिक्रीमा १४ वर्षदेखि लगाएको प्रतिबन्धलाई अन्त्य गऱ्यो। यद्यपि त्यहाँ गर्भपतनमाथिको प्रतिबन्ध भने कायमै छ। मेक्सिकोमा सर्वोच्च अदालतले गर्भपतनको अपराधीकरणलाई असंवैधानिक घोषणा गऱ्यो। फिनल्याण्ड र स्पेनमा गर्भपतनको पहुँचलाई सहज बनाइयो।

यद्यपि, अन्य देशहरूमा अधिकारीहरूले गर्भपतनमा पहुँचलगायत यौन र प्रजनन अधिकारहरूलाई कमजोर पारेका छन्। संयुक्त राज्य अमेरिकामा १५ राज्यहरूले गर्भपतनमा पूर्ण प्रतिबन्ध वा अत्यन्त सीमित अपवाद साथ लगाइएको प्रतिबन्धलाई कार्यान्वयन गर्दा अश्वेत र अन्य जातीय मानिसहरू असमानुपातिक तवरमा प्रभावित हुन पुगेका छन्। पोल्याण्डमा गर्भपतन सेवा प्राप्त गर्न इन्कार गरिएको कारण सन् २०२३ मा कम्तिमा एक महिलाको मृत्यु भयो। गर्भपतनको अधिकारमा संघीय संरक्षण समाप्त गर्नेगरी सन् २०२२ मा अमेरिकी सर्वोच्च अदालतले निर्णय गरेपछि फेसबुक, इन्स्टाग्राम र टिकटक जस्ता सामाजिक सञ्जाल प्लेटफर्महरूले प्रजनन् अधिकारका महत्त्वपूर्ण जानकारीलाई दबाएका छन्। गर्भपतनको अधिकारको रक्षा गर्ने अभियन्ता र स्वास्थ्यकर्मीलगायतलाई कलंकित पार्ने, शारीरिक र मौखिक आक्रमण गर्ने, डर र धम्की दिने कार्य गर्नुका साथै अन्यायपूर्ण अभियोजन, अनुसन्धान र गिरफ्तारीका माध्यमबाट अपराधिकरणमा पारिएको छ।[6]

## लैङ्गिक हिंसा

महिला अधिकार रक्षकहरूको सङ्घर्षले हालैका वर्षहरूमा महिला र बालिकाहरूमाथि हुने हिंसालाई रोक्ने दिशामा केही स्वागतयोग्य उपायहरूको सुरूवात भएका छन्। यद्यपि, महिला तथा बालिकामाथि हुने हिंसा डरलाग्दो तहमा जारी नै रहेको छ।

सन् २०२३ मा जापान, उत्तरी म्यासिडोनिया, स्विजरल्याण्ड र उज्वेकिस्तान लगायतका देशहरूमा यौनजन्य र घरेलु हिंसा लगायतका लैङ्गिकतामा आधारित हिंसालाई रोक्न र त्यस विरुद्ध लड्नका लागि कानूनी संरक्षणहरूलाई बलियो बनाइएको थियो। यद्यपि, विश्वभरका अधिकारीहरूले गहिरोसँग जरा गाडेर फैलिएको लैङ्गिक हिंसा तथा ती हिंसाका पीडकहरूले अक्सर उपभोग गरिरहेको दण्डहीनतालाई संबोधन गर्न प्रणालीगत रूपमै विफल भएका थिए। साथै उनीहरूले पीडितका दीर्घकालीन आवश्यकताहरूलाई पनि उपेक्षा गरेका थिए। सन् २०२३ मा हरेक दिन मेक्सिकोमा औसत नौ जना महिलाको हत्या भएको थियो। अल्जेरिया र ट्युनिसिया लगायतका देशहरूमा महिलाहरूलाई *"अनर किलिंग"* को शीकार बनाइएको थियो। बलपूर्वक हुन गैरहेको विवाहबाट मुक्तिका लागि नाइजेरियाकी एक १६ वर्षीया किशोरीले आफ्नो जीवन नै समाप्त पार्नुपरेको र सिएरा लियोनमा यौनाङ्ग छेदनको शीकार बनाइएकी दुई वर्षीया बालिकाको मृत्युको घटनाले सन् २०२३ मा हानिकारक अभ्यासहरूको विनाशकारी प्रभावहरूको चित्रण गरेको छ।

## एलजिबिटिआई व्यक्तिहरूको अधिकार

एलजिबिटिआई व्यक्तिहरूको अधिकारको रक्षाका लागि केही देशहरूमा सीमित प्रगति भएको छ तर अन्य धेरै देशमा एलजिबिटिआई अधिकारहरूमाथि आक्रमणहरू तीव्र भएका छन्।

सन् २०२३ मा धेरै देशहरूमा कानुन वा नीतिमा सकारात्मक परिवर्तनहरू भए। मेक्सिकोमा सबै ३२ राज्यहरूमा समलिङ्गी विवाहलाई मान्यता प्रदान गरिएको थियो। लाटभियामा अधिकारीहरूले *सिभिल पार्टनरसिप* (कानूनी हिसाबमा विवाह गर्न नपाइने क्षेत्राधिकारका समलिङ्गी जोडिहरूका लागि विवाहकै जस्तो अधिकार हुनेगरी कानूनी मान्यता प्राप्त मिलन वा सहवास) लाई मान्यता दिए। ताइवानमा अधिकारीहरूले अधिकांश बहुराष्ट्रिय समलिङ्गी जोडीहरूको विवाह गर्ने अधिकारलाई मान्यता दिए। नामिबियाको सर्वोच्च अदालतले नामिबियाका नागरिकका जीवन साथीले देशबाहिर भएको समलिङ्गी विवाहको आधारमा आफ्नो अध्यागमन अवस्थालाई नियमित गर्न सक्ने फैसला सुनायो। फिनल्याण्ड, जर्मनी र स्पेनमा अधिकारीहरूले लैङ्गिक आत्म-निर्णयलाई सहजीकरण गरिदिए।

यद्यपि, विश्वका ६२ देशमा समलिङ्गी यौन आचरणलाई अपराधीकरण गर्ने कानुनहरू छन् जसमध्ये धेरैको सुरूवात उपनिवेशकालमा भएको थियो।[7] सन् २०२३ मा एलजिबिटिआई अधिकारलाई खुम्चाउने खालका कानूनी कार्य वा प्रस्तावहरूको एउटा नयाँ लहर नै आएको थियो। युगान्डाको एउटा नयाँ कानुनले "गंभीर समलैङ्गिकता (agravated homosexuality)"को अपराधको लागि मृत्युदण्डको व्यवस्था गर्यो। घानाको संसदले "गे विरोधी" विधेयकलाई अनुमोदन गर्यो। रूसले नयाँ ट्रान्सफोबिक कानुन अवलम्वन गर्यो। बुल्गेरियाले पारालैङ्गिक व्यक्तिहरूलाई कानूनी तवरमा लैङ्गिक मान्यता प्रदान गर्ने कार्यलाई अन्त्य गर्यो र बेलायतले *स्कटिश जेन्डर रिकग्निसन रिफर्म याक्ट* पारित गर्नमा अवरुद्ध गर्यो। भारतमा सर्वोच्च अदालतले समलिङ्गी विवाहलाई कानूनी मान्यता प्रदान गर्न अस्वीकार गर्यो।

विश्वका धेरै क्षेत्रहरूमा एलजिबिटिआई व्यक्तिहरूलाई गिरफ्तार र अभियोजन गर्ने कार्यहरू भए र एलजिबिटिआई अधिकारहको रक्षामा काम गर्ने संस्थाहरूले निषेधको सामना गर्नु पर्यो। सहमतिमा हुने समलिङ्गी यौनसम्बन्धलाई अपराधीकरण गर्ने प्रावधानहरूअन्तर्गत बुरुन्डी, इजिप्ट, लिबिया र ट्युनिसिया लगायतका देशमा वा समलिङ्गी विवाह वा पार्टीहरू आयोजना गरेकोमा नाइजेरियामा सन् २०२३ मा धेरैलाई गिरफ्तार र कतिपय अवस्थामा त कैद समेत गरियो। चीनमा सरकारको एलजीबीटीआई विरोधी चालू अभियानको मुखमा एक प्रतिष्ठित एलजिबिटिआई संस्था बन्द हुन बाध्य भयो। रूसले कुनै पनि एलजिबिटिआई अधिकारसँग सम्बन्धित सार्वजनिक गतिविधिलाई "चरमपन्थी" र अपरिभाषित "अन्तर्राष्ट्रिय एलजिबिटिआई आन्दोलन" को रूपमा चित्रित गर्दै प्रभावकारी रूपमा निशेध गर्यो।

एलजिबिटिआई व्यक्तिहरू विरुद्ध हिंसात्मक अपराधहरू जारी रहे र धेरै क्षेत्रहरूमा त्यस्ता कार्यहरूलाई दण्डित गरिएन। समलिङ्गी विवाह गैरकानूनी रहेको ग्वाटेमालामा कम्तिमा ३४ व्यक्तिहरूलाई उनीहरूको यौनिक झुकाव वा लैङ्गिक पहिचानका कारण हत्या गरिएको थियो। लेबनानमा अधिकारीहरूले एलजिबिटिआई व्यक्तिहरू विरुद्ध हिंसा उक्साए। इराकमा अधिकारीहरूले सञ्चार माध्यमहरूलाई "समलैंगिकता" शब्दलाई "यौन विचलन" द्वारा प्रतिस्थापन गर्न आदेश दिए।

**सबै सरकारहरूले लैङ्गिक न्यायका लागि र महिला विरुद्ध हुने विभेद समाधानका सहयोगी आन्दोलनहरूलाई सहयोग गर्नुपर्छ र यौन तथा प्रजनन अधिकारलाई सुदृढ गर्नुपर्छ। उनीहरूले लैङ्गिकतामा आधारित हिंसाको समाधान गर्न र पीडितहरूको दीर्घकालीन आवश्यकताहरू पूरा गर्ने कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्छ। उनीहरूले एलजिबिटिआई व्यक्तिहरू विरुद्ध विभेद गर्ने कानुन र नीति खारेजीका लागि वकालत गर्नुपर्छ।**

# आर्थिक सङ्कट र जलवायु परिवर्तनको प्रभाव

आर्थिक सङ्कट, जलवायु परिवर्तन र वातावरणीय ह्रासले सीमान्तकृत समुदायलाई असमानुपातिक रूपमा असर पारेको छ। यी समुदायहरूको अधिकारको लागि अभियान चलाउने मानवअधिकार रक्षकहरूलाई पनि असहमतिको व्यापक दमनकै एक हिस्साको रूपमा लक्षित गरिएको छ।

## आर्थिक र सामाजिक अधिकार

द्वन्द्व, जलवायु परिवर्तन र कोभिड-१९ को परिणामको समिश्रणले विविध आर्थिक सङ्कटहरू पैदा गरेको छ। स्वास्थ्य सेवा बाहेक अन्य कुनै सामाजिक सुरक्षा संयन्त्रले ४.१ अर्ब मानिसलाई नसमेटिरहेको सन्दर्भमा यी सङ्कटहरूले उच्च तहको खाद्य र इन्धन असुरक्षा सहितको मानवअधिकारमा गहिरो प्रभाव पारेको छ। सन् २०२३ मा मध्यबिन्दुमा पुगेको दिगो विकासका लक्ष्यहरू पूरा गर्न पनि यी सङ्कटहरूले गम्भीर चुनौती प्रदान गरेका छन्। सन् २०२३ अप्रिलको संयुक्त राष्ट्र संघका महासचिवको एक प्रतिवेदनले "तथ्यांक सहित १४० लक्ष्यहरूमध्ये केवल १२ प्रतिशत मात्र सही बाटोमा रहेको" खुलासा गरेको थियो। फलस्वरूप, गरिबीलाई पूर्ण निर्मूलन गर्ने लक्ष्यका बाबजुद अहिलेकै गति र प्रवृतिमा ५७.५ करोड मानिसहरू सन् २०३० मा चरम गरिबीमै रहनेछन्।

पहिलेदखि नै ऋणको सङ्कटलाई सामना गरिरहेका देशहरूमा आर्थिक झट्काहरूले राष्ट्रिय ऋणग्रस्ततालाई अझ गहिराएको छ। विश्व बैंकको सन् २०२३ डिसेम्बरको प्रतिवेदनअनुसार विश्वका कम आय भएका देशहरूमध्ये करिब ६०% ऋण सङ्कटको उच्च जोखिम उन्मुख वा जोखिममा रहेका थिए। धेरै देशहरूले मानवअधिकारका दायित्वहरू पूरा गर्न आवश्यक ठूलो रकम बढ्दो ऋण चुक्ता गर्नका लागि खर्च गरिरहेका थिए। ऋणको गम्भीर सङ्कटमा परेका देशहरूमा इजिप्ट, इथियोपिया, घाना, केन्या, पाकिस्तान, श्रीलंका, ट्युनिसिया, युक्रेन र जाम्बिया रहेका थिए।

संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनले सन् २०२२ को उच्च विन्दुको तुलनामा विश्वव्यापी खाद्य मूल्यमा केही कमी आएको रिपोर्ट गरेको भए पनि सन् २०२२ फेब्रुअरीमा रूसले युक्रेनमा चौतर्फी आक्रमण गर्नुअघिको अवधिको तुलनामा मूल्यहरू निकै उच्च रहेको र धेरै बजारहरूमा मूल्यमा निरन्तर वृद्धि भइरहेकै थियो। सन् २०२३ को विभिन्न विन्दुमा यो अनुमान गरिएको थियो कि सिएरा लियोनका ७८ प्रतिशत जनसङ्ख्या खाद्य असुरक्षामा रहेका थिए, दक्षिण सुडानका ४६ प्रतिशत जनसंख्याले उच्च स्तरको खाद्य असुरक्षाको अनुभव गरिरहेका थिए र सोमालियामा ५० लाख मानिसहरूले खाद्य सङ्कटको अनुभव गरिरहेका थिए। डिसेम्बरको मध्यसम्ममा विश्व स्वास्थ्य सङ्गठनका अनुसार गाजाका ९३ प्रतिशत मानिसहरू भोकमरीमा रहेका थिए र उनीहरू अन्यथा उपचार गर्न सकिने रोगहरूबाट हुने मृत्युको जोखिममा रहेका थिए। र यसमा गर्भवती र स्तनपान गराउने महिलाहरू विशेष जोखिममा थिए।

केही देशहरूले आर्थिक र सामाजिक अधिकार प्राप्तिमा अझ राम्रो सहयोगी भूमिकाका लागि विश्वव्यापी कर तथा आर्थिक शासनका अन्य स्वरूपहरू परिवर्तन गर्ने कदम चालिरहेका छन्। यसैको एक हिस्साको रूपमा कम आय भएका देशहरूका लागि स्रोत परिचालन गर्न सहयोगी हुन सक्ने अलि न्यायोचित करप्रणालीको एउटा विश्वव्यापी व्यवस्था स्थापना गर्ने दिशातर्फ प्रगति भएको छ। संयुक्त राष्ट्रसंघको महासभाले प्रभावकारी र समावेशी अन्तर्राष्ट्रिय कर सहयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका महासन्धि (UN Framework Convention on Effective and Inclusive International Tax Cooperation) का लागि छलफल चलाउनका लागि एउटा दुई-चरणको प्रक्रियालाई आह्वान गर्ने प्रस्तावलाई पारित गऱ्यो। यो प्रस्ताव नाइजेरियाद्वारा प्रस्ताव गरिएको थियो र युरोपेली सङ्घका राज्यहरू, जापान, बेलायत र संयुक्त राज्य अमेरिका लगायतका उच्च आय भएका उल्लेखनीय संख्याका देशहरूको विरोधका बाबजुद् भारी समर्थन रहेको थियो।[8]

## स्वस्थ वातावरणको अधिकार

जलवायु परिवर्तनको कारणले थप संभावित र अझ बढी तीब्र रूपमा देखापरिरहेका चरम मौसमी घटनाहरू र धिमा गतिमा देखा परेका सङ्कटहरूले सबै तहको आयमा रहेका देशहरूलाई असर गरेका छन्। तर न्यून आय भएका देशहरूलाई भने असमानुपातिक रूपमा असर गरेका छन्। सरकार र कर्पोरेटवालाहरूले यसलाई पर्याप्त रूपमा समाधान गर्न वा तीव्र वातावरणीय ह्रास रोक्न विफल भएका छन्।

साझा तर फरक जिम्मेवारीको कानूनी सिद्धान्तअन्तर्गत उच्च दायित्वलाई सामना गरिरहेका विशेषगरी ऐतिहासिक समयदेखि नै र उच्च उत्सर्जन गर्ने देशका सरकारहरूले जीवाश्म ईन्धनहरूको प्रयोगलाई अन्त्य गर्ने तथा जलवायु परिवर्तनका अन्य कारकहरूलाई हटाउने सवालमा धेरै नै थोरै कार्य गरिरहेका छन्। धेरैले सार्वजनिक कोषसमेत प्रयोग गरी जीवाश्म ईन्धनको पूर्वाधारलाई विस्तार गर्न जारी राखेका छन्।

गत जलवायु परिवर्तन सम्मेलन, कोप २८, को आयोजकको रूपमा संयुक्त अरब इमिरेट्सको छनौट विवादास्पद सावित हुनुको प्रमुख कारण के थियो भने कोप २८ को अध्यक्षता गरेको राज्यको स्वामित्वमा रहेको अबु धाबी राष्ट्रिय तेल कम्पनीले जीवाश्म इन्धनको उत्पादनलाई आक्रामक ढङ्गमा विस्तार गर्ने योजना घोषणा गरेको थियो। ऊर्जाको लागि जीवाश्म ईन्धनबाट "अवस्थान्तरण हुने" भन्ने कोप २८ को सहमति वास्तवमा कुनै पनि कोपको निर्णयमा पहिलो पटक जीवाश्म ईन्धन उल्लेख गरिएको सन्दर्भ थियो। यद्यपि, जे आवश्यक छ त्यो भन्दा यो धेरै नै कम हो र यो सहमतिले जीवाश्म ईन्धन उत्पादक र राज्यहरूलाई पुरानै पारामा अघि बढ्नका लागि छिद्रहरू

छोडिदिएको छ।[९] यसैबीच, विनाशकारी मौसमी घटना र विश्वव्यापी तापमान वृद्धिका कारण अन्य हानिहरू भोगिरहेका न्यून आय भएका देशका समुदायहरूलाई सहायता गर्ने अभिप्रायले राखिएको क्षति कोषका लागि कोप २८ मा वाचा गरिएको कुल ७० करोड अमेरिकी डलर उक्त कोष सञ्चालन गर्न र कार्यान्वयनका लागि ज्यादै अपर्याप्त थियो।[10]

थप सकारात्मक घटनाक्रमहरूमा साइप्रस र आयरल्याण्डका अदालत तथा मानवअधिकारको युरोपेली अदालतलगायत धेरै राष्ट्रिय र क्षेत्रीय अदालतहरूले जलवायु परिवर्तन वा वातावरणीय ह्रासलाई संबोधन गर्न सरकारहरूले अपर्याप्त कदम चालेको सवालमा समूह र व्यक्तिहरूले राज्यसँग माग दाबी गर्न पाउने अधिकारलाई मान्यता दिएका छन्। यसले सरकार र जीवाश्म इन्धन कम्पनीहरूलाई खास हानिका लागि जवाफदेही बन्न र थप जलवायु परिवर्तनका मुद्दाको लागि आधार निर्माण गर्ने संभावना बढेको छ। यसैबीच, सन् २०२३ को मार्चमा संयुक्त राष्ट्रसङ्घको महासभाले भानुआतु र अन्य प्रशान्त टापु राज्यहरूलाई समर्थन गर्दै अन्तर्राष्ट्रिय न्यायालयलाई जलवायु परिवर्तनको सेरोफेरोमा राज्यहरूको दायित्व र जिम्मेवारीका बारेमा आधिकारिक राय प्रदान गर्न आग्रह गर्यो।[11]

## सीमान्तकृत मानिसहरूमा असमानुपातिक प्रभाव

आदिवासी जनजाति र अन्तर्सामूहिक विभेदको अनुभव गरिरहेका अन्यलगायतका जाति समूहहरू आर्थिक संकट, जलवायु परिवर्तन र वातावरणीय ह्राससँग सम्बन्धित मानवअधिकार हानिबाट असमानुपातिक रूपमा पीडित भएका छन्।

यो असमानुपातिक हानि वर्तमान र विगतको संरचनात्मक र प्रत्यक्ष विभेदको संचयी प्रभावलगायत धेरै कारकहरूका लागि जिम्मेवार छ। फलस्वरूप, विश्वभरका देशहरूमा सीमान्तकृत समुदायहरूले कहिलेकाहीं पिउने पानी, पर्याप्त खाना र उर्जा सहित औषधी र अन्य आवश्यक वस्तुहरू किन्न वा पहुँच प्राप्त गर्न असमर्थ भएका छन्।

सन् २०२३ को मेमा म्यान्मारमा आएको चक्रवात मोचाबाट आदिवासी रोहिंग्याहरूको मृत्युको उच्च संख्याका लागि विशेषगरी सन् २०१२ मा जबर्जस्ती विस्थापित भएदेखि उनीहरूले बसोवास गरिरहेको भयावह अवस्थालाई नै मुख्य कारकको रूपमा लिन सकिन्छ। विशेष गरी पाकिस्तानमा जलवायु परिवर्तन-प्रेरित गर्मीको लहरहरूले आदिवासी जनजाति र अन्य सीमान्तकृत समूहहरूको स्वास्थ्यमा विशेष हानि पुग्न गयो। अमेरिका र एसियालगायतका क्षेत्रहरूमा ठूला स्केलका उत्खनन् परियोजनाहरूसँग सम्बन्धित वातावरणीय ह्रासका कारण आदिवासी जनजाति र सीमान्तकृत समूहहरू असाधारण रूपमा प्रभावित भए।

## मानवअधिकार रक्षकहरू

आर्थिक संकट, जलवायु परिवर्तन र वातावरणीय ह्रासबाट प्रतिकूल रूपमा प्रभावितहरूको अधिकारका लागि अभियान चलाउने मानवअधिकार रक्षकहरू सरकार र गैर-राज्य पक्षको निशाना बनिरहे।

इजिप्टदेखि दक्षिण कोरियासम्मका देशहरूमा आर्थिक संकटको प्रभावको सामना गरिरहेका श्रमिकहरूलाई जोगाउन अभियान चलाउने ट्रेड युनियन र आर्थिक सङ्कट व्यवस्थापनमा सरकारको आलोचना गर्नेहरूलाई लक्षित गरिएको छ। वेस्ट र सेन्ट्रल अफ्रिकामा राज्य श्रोतको एउटा ठूलो दोहनका रूपमा रहेको भ्रष्टाचारविरुद्ध लड्ने मानवअधिकार रक्षकहरूलाई धम्क्याउने, कैद गर्ने वा हत्या गर्ने कार्यहरू भएका छन्।[12]

यि रक्षकहरू असहमतिलाई दमन गर्ने फराकिलो प्रवृत्तिअन्तर्गत प्रताडित पारिएका, धम्क्याइएका वा हत्या समेत गरिएका मानवअधिकार रक्षकमा पर्दछन्। होन्डुरसको गुआपिनोल समुदायका तीनजना व्यक्तिलाई सन् २०२३ मा हत्या गरिएको थियो। आफ्नो जीविकोपार्जन निर्भर रहेको एउटा नदीको संरक्षणका लागि उनीहरूले एउटा खानी कम्पनी विरुद्ध अभियान चलाउदै आएका थिए। बंगलादेश, चीन, क्युबा, हंगेरी, भारत, जोर्डन, पाकिस्तान, पपुवा न्युगिनी, सिंगापुर र संयुक्त अधिराज्य लगायतका देशहरूमा सन् २०२३ मा लागू भएको अभिव्यक्ति स्वतन्त्रता वा सङ्गठन

खोल्ने अधिकारमा प्रतिबन्ध लगाउने नयाँ कानुन वा नियमहरूबाट प्रभावित हुनेहरूमध्येमा पनि मानवअधिकार रक्षकहरू परेका छन्।

आदिवासी जनजाति, जलवायु न्यायका अभियन्ता र वातावरणीय मानवअधिकार रक्षकहरूले नागरिक अवज्ञाको शान्तिपूर्ण कार्यहरूमा संलग्न हुँदा सामूहिक गिरफ्तारी र अभियोजनको सामना गर्नु परेको छ। विरोध गर्दा अन्य धेरै अभियन्ताहरूलाई जस्तै उनीहरूलाई पनि अपराधिकरण गरियो वा उनीहरूले अत्यधिक वा अनावश्यक बलको प्रयोगको सामना गर्नुपर्यो। प्रदर्शनकारीहरू विरुद्ध *काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइल* र अन्य प्रकारका *प्रोजेक्टाइलहरूको* प्रयोगले स्थायी अशक्तता र दर्जनौं मृत्युका साथै विश्वभर हजारौं घाइते अवस्थाको श्रृजना गरेको छ।[13] प्रहरीको निरन्तर सैन्यकरणले यो जोखिमलाई बढाएको छ। कम घातक हतियारका प्रमुख उत्पादकहरूले गैरजिम्मेवारपूर्ण ढङ्गले ती हतियार गैरकानूनी बल प्रयोग गर्न नाम कमाएका सुरक्षा बलहरूलाई आपूर्ति गरेका छन्।[14] कानुन कार्यान्वयनका उपकरणहरूको व्यापारलाई नियन्त्रण गर्न कानूनी रूपमा बाध्यकारी सन्धिको माग बढिरहेको विषय त्यसैले महत्त्वपूर्ण छ। सन् २०२३ मा मानवअधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त, शान्तिपूर्ण भेला हुने र सङ्गठन खोल्ने स्वतन्त्रताका संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदक र यातना विरुद्धका संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदक सबैले यातना-मुक्त व्यापार सन्धिको लागि आफ्नो समर्थन व्यक्त गरेका थिए।

**उच्च ऋण चुक्ता गर्नु पर्ने कारणले आफ्नो मानवअधिकार दायित्वहरू पूरा गर्न असमर्थ देशहरूको लागि सरकार र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले ऋण मिनाहाका साथै ऋण राहत कार्यक्रम लागू गर्नुपर्छ। उनीहरूले सबैका लागि सामाजिक सुरक्षाको अधिकार पूरा गर्ने विश्वव्यापी सामाजिक सुरक्षा कार्यक्रमहरूमा लगानी गर्नुपर्छ र कम आय भएका देशहरूलाई सहयोग गर्नका लागि प्रस्तावित सामाजिक सुरक्षाका लागि विश्वव्यापी कोष स्थापना गर्न मिलेर काम गर्नुपर्छ।[15] सरकारहरूले संयुक्त राष्ट्रसङ्घीय कर महासन्धि स्थापनाका लागि सहयोग गर्नुपर्छ। उनीहरूले फराकिलो ऊर्जा संक्रमण प्याकेजको हिस्साको रूपमा पूर्ण, द्रुत र समतामूलक हिसाबमा जीवाश्म ईन्धनको प्रयोग अन्त्यका लागि प्रतिबद्धता जनाउनुपर्छ। उनीहरूले संयुक्त राष्ट्रसङ्घीय यातना-मुक्त व्यापार सन्धितर्फ काम गर्नुपर्छ। उनीहरूले मानवअधिकार रक्षकहरूको संरक्षणको प्रत्याभूति गर्नुपर्छ।**

## नयाँ र विद्यमान प्रविधिहरूको खतरा

*जेनेरेटिभ एआई* उपकरणहरूको उदयले हालैका महिनाहरूमा प्रमुख समाचार बनाएको छ र यसले यी तथा विद्यमान प्रविधिहरूले मानवअधिकारमा र खासमा समाजका सबैभन्दा सीमान्तकृत व्यक्तिहरूको अधिकारमा पार्ने खतराहरूमाथि प्रकाश पारेको छ। राज्यहरूले *स्पाइवेयर*को विश्वव्यापी व्यापार वा *बिग टेक* भनेर चिनिने सबैभन्दा ठूला प्रविधि कम्पनीहरूको निगरानीमा आधारित व्यापार मोडेलमा लगाम लगाउन पर्याप्त कदमहरू चालेका छैनन्।

### आर्टिफिसियल इन्टेलिजेन्सको जोखिम

सन् २०२३ मा विषयवस्तुहरू उत्पादन गरी संश्लेषण गर्ने एउटा साधन च्याट जीपीटी-४ को सार्वजनिकीकरणले मानिसका कामकाजी जीवन, सरकारी सेवाहरूमा पहुँच र सामान्यतया इन्टरनेट प्लेटफर्ममा उनीहरूको अनुभवलाई *आर्टिफिसियल इन्टेलिजेन्स*ले कसरी रूपान्तरण गर्नेछ भन्ने सवालमा ध्यान खिचेको छ। अन्य कुनै पनि नयाँ प्रविधिले जस्तै *जेनेरेटिभ एआइ*ले अवसरहरू सिर्जना गर्न सक्छ तर पर्याप्त र प्रभावकारी नियमन बिना यसले सामाजिक सुरक्षामा पहुँच, शिक्षा र रोजगारी, श्रम अधिकार, गोपनीयता र अनलाइन सुरक्षा जस्ता मानवअधिकारका क्षेत्रहरूको जोखिमतालाई थप धरापमा पार्न सक्दछ। जातीय र अन्य असमानताहरूको सबलीकरण, बढ्दो निगरानी र अनलाइनमा द्वेषपूर्ण सामग्रीको प्रवर्धनजस्ता जोखिमहरू पनि यसमा पर्न सक्दछ।[16]

अन्य प्रविधिहरूका साथै विद्यमान एआई प्रणालीहरूले पहिल्यै असमानता फैल्याइसकेक छ र राज्यका सेवाहरूमा पहुँच, प्रहरी, सुरक्षा र आप्रवासन जस्ता क्षेत्रमा सीमान्तकृत समुदायहरूलाई पहिल्यै चोट पुऱ्याइसकेको छ।[17] सर्बियामा विश्व बैंकबाट सहयोग प्राप्त नयाँ अर्ध-स्वचालित सामाजिक कल्याण प्रणालीका कारण हजारौं मानिसहरूले

सम्भवतः महत्त्वपूर्ण सामाजिक सहायतामा पहुँच गुमाउनुका साथै रोमा र अपाङ्गता भएका मानिसहरूलाई असमानुपातिक रूपमा प्रभावित पारेको छ। अधीनस्थ प्यालेस्टिनी क्षेत्रहरूमा इजरायलले प्रयोग गरेको अनुहार पहिचान गर्ने प्रविधिले आवागमन स्वतन्त्रतामाथिको प्रतिबन्धहरूलाई थप बलियो बनाएको छ र रंगभेदको प्रणालीलाई कायम राख्न मद्दत गरेको छ। न्यूयोर्क प्रहरी विभागले सन् २०२३ मा कसरी प्रविधिको प्रयोग गरी शहरमा *ब्ल्याक लाइभ्स् म्याटर*का विरोधहरूलाई निगरानीको घेरामा राखेको थियो भन्ने खुलासा गऱ्यो, तर न्यूयोर्क शहर परिषदमा यसमाथि प्रतिबन्ध लगाउनका लागि दबाब बढेको थियो। यसैबीच, नयाँ प्रविधिहरूमा लगानी गर्ने उद्यमशील पूँजी कम्पनीहरूले मानवअधिकारको सम्मान गर्ने आफ्नो दायित्व पूरा गर्न विफल भएका छन्।[18]

## ग्लोबल स्पाइवेयरको व्यापार

राज्यहरू स्पाइवेयरको विश्वव्यापी व्यापारमा लगाम लगाउन असफल भएका छन्। सन् २०२३ मा एम्नेस्टी इन्टरनेसनलले गरेको अनुसन्धानले अरमेनिया, डोमिनिकन रिपब्लिक, भारत र सर्बियामा पत्रकार र नागरिक समाज विरुद्ध पेगासस स्पाइवेयरको प्रयोग भएको उजागर गर्न सहयोग गरेको थियो। एम्नेस्टी इन्टरनेसनलसँगको साझेदारीमा युरोपियन इन्भेस्टिगेटिभ कोलाबोरेसनद्वारा प्रिडेटर फाइलहरूमा गरिएको एउटा मुख्य अनुसन्धानले कसरी "युरोपेली सङ्घमा अवस्थित र उसले नियमन गरेको" स्पाइवेयर विश्वभरका राज्यहरूलाई खुला रूपमा बेचबिखन भइरहेको छ भन्ने कुरा उजागर गर्यो।[19] यी खुलासाहरूपछि युरोपेली संसद्ले सन् २०२३ को नोभेम्बरमा स्पाइवेयर उद्योगद्वारा हुने दुरुपयोगमा अंकुश लगाउने कार्यहरू नभएकोमा आलोचना गर्दै एक प्रस्ताव पारित गर्यो। यसले के संकेत गरिरहेको छ भने केही नीति निर्माताहरूले काम गर्न थालेका छन्। जस्तोकी सन् २०२३ मार्चमा ११ देशहरूले स्पाइवेयरले मानवअधिकारमाथि पारेको खतराहरूलाई स्वीकार गरी एउटा वक्तव्य दिएका थिए।

## ठूला टेक कम्पनीहरूद्वारा भएको दुर्व्यवहार

सशस्त्र द्वन्द्वको सन्दर्भमा मात्र नभई बालबालिका र अन्य युवाहरूको अधिकारलाई कसरी कमजोर पार्दछन् भन्ने सन्दर्भमा फेरी पनि सन् २०२३ मा ठूला सूचना प्रविधि कम्पनीहरूको निगरानीमा आधारित व्यापारिक मोडलबाट हुने हानिहरू उदाङ्ग भयो। टिकटकको सामग्री सिफारिस प्रणाली र आक्रामक तथ्याङ्क सङ्कलनका अभ्यासहरूले विद्यमान मानसिक स्वास्थ्य चुनौतीहरूलाई थप बिगार्ने जोखिमताका साथ निराशजनक र आत्मघाती सामग्रीहरूमा विस्तार गरेर यस प्लेटफर्मका युवा प्रयोगकर्ताहरूमाथि खतरा पैदा गरेको छ।[20] एक्स् (पहिले ट्विटर) मा एलजिबिटिआई व्यक्तिहरू विरुद्ध भड्काउपूर्ण व्यवहार र गतिविधिहरूमा डरलाग्दो वृद्धि भएको छ।[21] राजनीतिक कुप्रचार र दुष्प्रचारमा वृद्धि हुने सम्भावना छ र सन् २०२४ मा हुने धेरै निर्वाचनहरूलाई ध्यानमा राख्दा यो एउटा विशेषतः गम्भीर जोखिम हो। विश्वका धेरै भागहरूमा दमनकारी राजनीतिक शक्तिहरूले अल्पसंख्यकहरूलाई आक्रमण गर्न र आफ्नो चुनावी सफलताको सम्भावनालाई बलियो बनाउका लागि समुदायहरूलाई एक अर्काको विरुद्धमा खडा गर्नका लागि सामाजिक सञ्जाललाई हतियारका रूपमा प्रयोग गरेका छन्। सामाजिक सञ्जालका एल्गोरिदम र "संलग्नता" तथा सबै लागतमा नाफालाई प्राथमिकता दिने ठूला सूचना प्रविधि कम्पनीहरूको व्यापार मोडेलहरूले त्यस्ता प्रयासहरूलाई सहज बनाउने तथा अझ गम्भीर बनाउने काम गरेको छ। जेनेरेटिभ एआई उपकरणहरूको उदयले जोखिमहरू झन् बढेका छन्।

एकातिर केही नियामकहरू र अर्कोतिर उपचार खोज्ने पीडितहरूले थप दुर्व्यवहारहरू रोक्न प्रयास गरिरहेका छन्। सन् २०२३ जुलाईमा युरोपेली सङ्घको न्यायिक अदालतले फेसबुक र इन्स्टाग्रामको मालिक मेटा कम्पनीलाई निगरानीमा आधारित व्यापारिक मोडेल (surveillance-based business model) को विरुद्धमा एउटा महत्त्वपूर्ण फैसला प्रदान गर्यो। त्यसको केही समयपछि नर्वेली अधिकारीहरूले मेटालाई अनलाइनमा व्यक्तिगत विज्ञापनहरूको प्रयोग नगर्न र नर्वेका प्रयोगकर्ताहरू रहेको अनुमानित स्थान नदेखाउन आदेश दिए। युरोपेली सङ्घमा नागरिक समाजले सन् २०२२ मा ल्याइएको ठूला सूचना प्रविधि कम्पनीहरूसँग सम्बन्धित र मानविअधिकारको सम्मान गर्ने वाचासहितको विश्वकै पहिलो र महत्त्वपूर्ण विस्तृत नियमावली डिजिटल सेवा ऐनको कडा कार्यान्वयनको लागि जोड दिँदै आएका

छन्। यद्यपि एआई प्रविधिहरूको जोखिम संबोधनका सन्दर्भमा आएका केही अवसरहरू भने गुम्न पुगे। युरोपेली सङ्घले सन् २०२३ मा *इयु आर्टिफिसियल इन्टेलिजेन्स याक्ट*मा सहमति गर्यो तर अन्तिम शब्दावलीहरूले हानि रोक्ने तहसम्म संबोधन गरेन र यसले प्रहरी र आप्रवासन अधिकारीको निगरानी गतिविधिहरूलाई फैलाउने र वैधता प्रदान गर्नमा योगदान समेत पुऱ्याउन सक्दछ।

**सरकारहरूले उच्च तहका आक्रामक स्पाइवेयर र अनुहार पहिचान गर्ने प्रविधिमाथि तुरुन्तै प्रतिबन्ध लगाउनुपर्छ। उनीहरूले एआई प्रविधिहरूबाट हुने जोखिम र हानिहरूलाई संबोधन गर्न बलियो विधायिकी र नियमनकारी कदमहरू चाल्नुपर्छ। उनीहरूले *बिग टेक* कम्पनी र विशेष गरी यसको निगरानीमा आधारित व्यापार मोडेलको हानिलाई संबोधन गरी नियमन गर्नु पर्दछ।**

---

1. "Challenges faced by women human rights defenders working in conflict, post-conflict or crisis-affected settings", 5 June
2. "Global: Social media companies must step up crisis response on Israel-Palestine as online hate and censorship proliferate", 27 October
3. "Ethiopia: Meta's failures contributed to abuses against Tigrayan community during conflict in northern Ethiopia", 31 October
4. "Israel/OPT: US veto of ceasefire resolution displays callous disregard for civilian suffering in face of staggering death toll", 8 December
5. "International Justice Day: Harnessing the Rome Statute and strengthening the system of international justice", 17 July
6. An Unstoppable Movement: A Global Call to Recognize and Protect Those Who Defend the Right to Abortion, 24 November
7. "Colonialism and sexual orientation and gender identity: Submission to the Independent Expert on protection against violence and discrimination based on sexual orientation and gender identity", 15 June
8. "Global: Vote in favour of international cooperation on tax helps advance human rights", 22 November
9. "Global: COP28 agreement to move away from fossil fuels sets precedent but falls short of safeguarding human rights", 13 December
10. "Global: Initial pledges at COP28 to finance the Loss & Damage Fund fall far short of what is needed", 30 November
11. "Global: UN backs Pacific Island states by asking the International Court to advance climate justice", 29 March
12. Anti-Corruption Fight in Peril: Crackdown on Anti-Corruption Human Rights Defenders in West and Central Africa, 11 July
13. 'My Eye Exploded': The Global Abuse of Kinetic Impact Projectiles, 14 March
14. "The repression trade", 11 October
15. Rising Prices, Growing Protests: The Case for Universal Social Protection, 10 May; Actions Speak Louder than Words: The World Bank Must Promote Universal Social Protection, 10 October
16. "Global: Companies must act now to ensure responsible development of artificial intelligence", 14 June
17. Digitally Divided: Technology, Inequality, and Human Rights, 2 October
18. Silicon Shadows: Venture Capital, Human Rights, and the Lack of Due Diligence, 13 December
19. The Predator Files: Caught in the Net, 9 October
20. 'I feel exposed': Caught in TikTok's surveillance web, 7 November; Driven into Darkness: How TikTok's 'For You' Feed Encourages Self-Harm and Suicidal Ideation, 7 November
21. "Hateful and abusive speech towards LGBTQ+ community surging on Twitter surging under Elon Musk", 9 February

# एसिया प्यासिफिक पुनरावलोकन

**धेरै देशहरूमा महिला र एलजिबिटिआई मानिसहरूको अधिकारमा सामान्य उपलब्धीहरू भएका थिए। थाइल्यान्डमा यातना र बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधिकरण गर्ने एउटा नयाँ कानुन लागू गरिएको थियो र मलेशियामा अनिवार्य मृत्युदण्डको व्यवस्थालाई खारेज गरिएको थियो। तथापि, समग्रमा एसिया प्रशान्त क्षेत्रमा मानवअधिकारको अवस्था निराशाजनक नै रह्यो।**

**बढ्दो सशस्त्र द्वन्द्वले म्यान्मारमा नागरिकहरूको थप मृत्यु र विस्थापन हुन पुग्यो। अफगानिस्तानमा तालिबानले विशेषगरी महिला र बालिकाविरुद्धको आफ्नो दमनलाई अझ तीव्र बनायो। थुप्रै देश र भूभागहरूमा भेला हुने, सङ्गठन खोल्ने र अभिव्यक्ति स्वतन्त्रतामा कडाइ गरिएकाले प्राय पुरै एसिया क्षेत्रमा विमतिप्रति बढ्दो असहिष्णुता स्पष्ट देखिन्थ्यो। मानवअधिकार रक्षक, राजनीतिक कार्यकर्ता र पत्रकार लगायत सरकारका नीति र कामकारबाहीका आलोचकहरूलाई स्वेच्छाचारी पूर्वक गिरफ्तार गरी हिरासतमा राख्नुका साथै अन्यायका विरूद्ध गरिएका विरोधहरूमाथि गैरकानुनी र कतिपय अवस्थामा घातक बल प्रयोग गरिएको थियो।**

**तथाकथित तल्लो जाति, महिला तथा बालिका, एलजिबिटिआइ मानिस र आदिवासी जनजातिहरूविरुद्ध लामो समयदेखि विद्यमान विभेदका स्वरूपहरू जारी रहे। आर्थिक सङ्कटको मारमा परेका देशहरूमा यी र अन्य सीमान्तकृत समुदायका मानिसहरू विशेष मारमा परेका थिए। जलवायु परिवर्तनका कारण भएका मौसमी घटनाहरूबाट भएका अक्सर-घातक परिणामबाट सबैभन्दा पहिले पीडित हुनेहरूमा उनीहरू नै रहेका थिए। यद्यपि कार्बन उत्सर्जन कम गर्न वा प्रभावकारी संरक्षण र अनुकूलनका उपायहरू अवलम्वन गर्न यस क्षेत्रका सरकारहरू विफल रहे।**

## अभिव्यक्ति स्वतन्त्रता

आम सञ्चार, मानवअधिकार रक्षक, विपक्षी दल, सरकारी आलोचक र अन्यविरुद्ध धेरै सरकारहरूले आफ्नो कारबाही र दमनलाई तीव्रता दिएका कारण अभिव्यक्ति स्वतन्त्रताको अधिकार सङ्कटमा रह्यो।

धेरै देशहरूले पहिलेदेखि नै विद्यमान चरम निशेधहरूलाई कायमै राख्ने वा अझ थप तीव्र बनाउने कार्य गरे। अफगानिस्तानमा पत्रकार र अन्य आमसञ्चारकर्मीलाई स्वेच्छाचारी हिरासत र प्रताडनाको शिकार बनाइएको थियो र धेरै आमसञ्चार बिक्रिकक्षहरूलाई जबर्जस्ती बन्द गराइएको थियो। म्यान्मारमा अन्यायपूर्ण सुनुवाइका माध्यमबाट लामो अवधिको कारावास सजाय दिइएकाहरूमा पत्रकारहरू पनि रहेका थिए। उत्तर कोरियामा सरकारको आलोचना गर्ने वा "प्रतिक्रियावादी" विचारधारामा संलग्न हुने जोसुकैमाथि कठोर दण्डका साथ नागरिक स्थलमाथि कायम राज्यको पूर्ण नियन्त्रणमा कुनै कमी आएन।

अन्यत्र आलोचनात्मक आवाजहरूलाई दबाउनका लागि विविध स्वरूपका सरकारी प्रयासहरू भए। बंगलादेश, चीन, भारत, पाकिस्तान, पपुवा न्युगिनी र सिंगापुरमा अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लगाउने नयाँ कानून वा नियमहरू लागू भए। फिजीको नयाँ सरकारले सञ्चार स्वतन्त्रतालाई सीमित गर्ने कानुन खारेज गर्‍यो, तर अन्य प्रतिबन्धात्मक कानूनहरू भने यथावत नै रहेका छन्।

क्याम्बोडियामा बाँकी रहेका केही थोरै स्वतन्त्र मिडिया आउटलेटहरूमध्ये एउटाको इजाजतपत्र खारेज गरियो। भारत सरकारले केन्द्रीय वित्तीय र अनुसन्धान निकायहरूलाई मिडिया आउटलेट र मानवअधिकार संगठनहरूमाथि छापा मार्न तथा तिनको इजाजतपत्र निलम्बन गर्नका लागि हतियारको रूपमा प्रयोग गर्यो। निजामती कर्मचारीहरूलाई मिडियासँग सार्वजनिक चासोको विषयमा जानकारी साझा गर्न प्रतिबन्ध लगाइएको भुटान विश्वव्यापी प्रेस स्वतन्त्रता सूचीमा तल झरेको छ।

असहमतिलाई दबाउनका लागि नियन्त्रण (सेन्सरशिप) र निगरानीका प्रविधिहरूलाई बढ्दो रूपमा प्रयोग गरियो। चीनमा नयाँ निर्देशिकाहरूले सामाजिक सञ्जाल प्रयोगकर्ताहरूमा गोपनीयताको अधिकारको सवालमा चिन्ता बढाउँदै सामाजिक सञ्जाल कम्पनीहरूले निश्चित प्रयोगकर्ताहरूले आफ्नो परिचय खुलासा गर्न पर्ने गरी थप प्रतिबन्धहरू लगाएका छन्। हङकङमा पुस्तक, गीत, सामाजिक सञ्जाल र अन्य अनलाइन तथा अफलाइन सामग्रीहरूको नियन्त्रण गर्नका लागि कठोर राष्ट्रिय सुरक्षा कानून र औपनिवेशिक युगको राजद्रोहसम्बन्धी कानूनको प्रयोग गरियो। भियतनाममा राज्यका एजेन्ट वा तिनको तर्फबाट काम गर्ने व्यक्तिहरू प्रिडेटर स्पाइवेयर प्रयोग गरी दर्जनौं सामाजिक सञ्जाल खाताहरूलाई लक्षित गर्ने अभियानको पछाडि रहेको हुन सक्ने एम्नेस्टी इन्टरनेसनलले पत्ता लगाएको थियो। जबकि थाई सरकार मानवअधिकार रक्षक, राजनीतिज्ञ र नागरिक समाजका कार्यकर्ताहरू विरुद्ध पेगासस स्पाइवेयर प्रयोग गरिएको सम्बन्धमा व्यक्त चिन्तालाई सम्बोधन गर्न विफल रह्यो।

सूचना आदानप्रदान गर्ने वा सरकारप्रति आलोचनात्मक वा संवेदनशील विचार व्यक्त गर्नेहरूप्रतिको न्यायिक उत्पीडन पनि सामान्य जस्तै थियो। भियतनाममा पत्रकार र अभियन्ताहरूलाई "राज्यको विरुद्ध प्रचार प्रसार" गरेको आरोपमा अभियोजन गरी जेल हालियो। माल्दिभ्समा विरोध प्रदर्शन र अन्य घटनाहरूको रिपोर्टिङ गरेको आरोपमा पत्रकारहरूलाई पक्राउ गरिएको थियो। मलेसियामा सरकारले अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा प्रतिबन्ध लगाउने कानुनहरू खारेज गर्ने भनी गरेको वाचा पूरा गर्न मात्र विफल भएन उल्टै फिल्म निर्माता र पुस्तक सम्पादकलगायतका विरुद्ध अनुसन्धान गर्न ती कानुनहरूलाई प्रयोग गर्न जारी राख्यो। थाइल्याण्डमा अधिकारीहरूले आलोचकहरूविरूद्ध मुद्दा चलाउन अनलाइन सञ्चारमा प्रतिबन्ध लगाउने कानूनहरूलाई निरन्तरता दिए भने फिलिपिन्समा सरकारी आलोचकहरूले झूठा आरोपहरूको सामना गरिरहे। पपुआको स्वतन्त्रताको लागि गरिएका शान्तिपूर्ण आह्वानहरू इन्डोनेसियामा कैदयोग्य अपराधकै रूपमा रह्यो। लाओसमा मानवअधिकार रक्षकहरूविरुद्ध धम्की, स्वेच्छाचारी नजरबन्द र गैरकानूनी हत्याका साथै बलपूर्वक बेपत्ता पार्ने जस्ता लामो समयदेखि चलिरहेका उल्लङ्घनका स्वरूपहरू जारी रहेका छन्। त्यसैगरी पाकिस्तानमा स्वेच्छाचारी गिरफ्तारी र बलपूर्वक बेपत्ता पारिएकाहरूमध्ये पत्रकार, मानवअधिकार रक्षक र सरकार तथा सैन्य प्रतिष्ठानका आलोचकहरू रहेका थिए।

विमतिलाई अन्तर्राष्ट्रिय रूपमा दमन गर्ने क्रम प्रबल बन्दै गएको संकेतहरू देखियो। चिनियाँ र हङकङका अधिकारीहरूले विदेश भागेका नागरिक लगायतका अभियन्ताहरूलाई पछ्याउँदै पक्राउ पुर्जीहरू जारी गरे र उनीहरूलाई स्वदेश फिर्ता गर्न अन्य देशहरूलाई आर्थिक पुरस्कारको प्रस्ताव गर्नुका साथै दबाब समेत दिए। लाओसबाट फर्किएका दुई मानवअधिकार रक्षकलाई पछि चीनमा हिरासतमा राखियो। एकजना प्रख्यात युट्युबरलाई थाइल्याण्डबाट अपहरण गरिएको अपराधमा भियतनामका अधिकारीहरू संलग्न रहेका थिए भने एकजना लाओसियन मानवअधिकार रक्षकलाई थाइल्याण्डमा गोली हानी हत्या गरिएको थियो।

**सरकारहरूले वैध अभिव्यक्तिलाई अपराधीकरण गर्ने वा अन्यथा प्रतिबन्धित गर्ने सबै कानून र नियमहरूलाई खारेज गर्नुपर्छ, अभिव्यक्ति स्वतन्त्रताको अधिकारको वैध प्रयोगसँग सम्बन्धित सबै अनुचित अनुसन्धान वा अभियोगहरूको अन्त्य गर्नुपर्छ र मिडिया स्वतन्त्रताको सम्मान गर्नुपर्छ।**

## शान्तिपूर्ण भेला र सङ्गठनको स्वतन्त्रता

जहाँ केही थप सहिष्णुताका संकेतहरू देखिएको फिजीको अपवाद बाहेक यस क्षेत्रका सरकारहरूले शान्तिपूर्ण भेलाको अधिकारलाई थप कटौती गर्न खोजे।

थाइल्यान्डमा सन् २०२० देखि सुरू भएको राजनीतिक र सामाजिक सुधारका लागि भएको विरोध प्रदर्शनमा भाग लिएको आधारमा सन् २०२३ को अन्त्यसम्म करिब २,००० व्यक्तिहरू विरुद्ध फौजदारी अभियोग लगाइएको थियो। सन् २०२२ मा चीनको उरुम्चीमा रहेको अपार्टमेन्टको एउटा ब्लकमा भएको आगलागिका पीडितको संझनामा आयोजित कार्यक्रम र कोभिड-१९ सम्बन्धी प्रतिबन्धहरूका विरुद्ध भएका विरोधहरूमा सहभागी भएका कति जनालाई नजरवन्दमा राखिएको छ भन्ने सायद कहिल्यै थाहा हुनेछैन, तर सहभागीहरूमाथि प्रताडना अझै जारी

रहेको प्रतिवेदनहरू प्राप्त भए र एकजना उइघुर विद्यार्थीलाई विरोध प्रदर्शनको भिडियो सामाजिक सञ्जालमा पोस्ट गरेकोमा तीन वर्षको जेल सजाय सुनाइएको थियो। मलेसिया र मंगोलियामा अधिकारीहरूले शान्तिपूर्ण विरोधको अधिकारलाई प्रतिबन्धित गर्न दमनकारी कानूनहरूलाई प्रयोग गर्न जारी राखेका थिए। दक्षिण कोरियामा भने "गैरकानूनी" विरोध प्रदर्शनहरू विरुद्ध बढ्दो कडा लाइनका कारण अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका अभियानकर्ताहरू विरुद्ध राज्यको स्वामित्वमा रहेको कम्पनीले क्षतिसम्बन्धी अचाक्ली चर्को मागदावीहरू पेश गर्यो। म्यानमारमा कैदमा रहेकी पूर्व स्टेट काउन्सिलर आङ सान सुकीको जन्मदिन मनाउन फूल लगाएको आरोपमा दर्जनौं व्यक्तिहरू पक्राउ परे।

चोटपटक र कहिलेकाहीं मृत्यु समेत हुनेगरी बलको गैरकानूनी प्रयोग सामान्य रह्यो। अफगानिस्तानमा, तालिबानले महिला अधिकारको समर्थन लगायतमा भएका विरोध प्रदर्शनहरूहरूलाई तितरवितर पार्नका लागि बन्दुक, पानीको फोहोर र स्टन गनको प्रयोग गरेको बताइएको छ। पाकिस्तान र श्रीलंका दुवै देशका अधिकारीहरूले विरोध प्रदर्शनमा प्रतिबन्ध लगाउन खोजे र प्रदर्शनकारीहरू विरुद्ध बारम्बार अत्यधिक र अन्य गैरकानूनी बल प्रयोग गरे - जसका कारण दुवै देशमा मृत्युका घटना घट्नुका साथै धेरैजना घाइते भए। बंगलादेशमा प्रहरीले विपक्षी दलको नेतृत्वमा भएको विरोध प्रदर्शनविरुद्ध रबरको गोली, धातुको गोली र अश्रु ग्यास प्रयोग गऱ्यो जसको परिणामस्वरूप कम्तिमा एक जनाको मृत्यु भयो। हजारौं मानिस पक्राउ परे। इन्डोनेसिया, माल्दिभ्स र नेपालमा पनि प्रदर्शनकारीहरू विरुद्ध सुरक्षा बलले गैरकानूनी बल प्रयोग गरेको थियो।

धेरै देशहरूमा संगठन स्वतन्त्रताको अधिकारमाथि पनि प्रतिबन्धहरू गहिरियो। कम्बोडियाको एक मात्र विपक्षी दल चुनावमा भाग लिन अयोग्य ठहराइयो र एक प्रमुख विपक्षी राजनीतिज्ञलाई २७ वर्षको जेल सजाय सुनाइयो। फिलिपिन्समा मानवअधिकार र मानवीय सहायता संगठनहरूलाई प्रतिबन्धित कम्युनिस्ट समूहसँग सम्बन्ध भएको आरोप लगाइएको वा "रेड-ट्याग" गरिएको थियो जसका कारण ती संस्थाका सदस्यहरू झूठा आरोप, गैरकानूनी हत्या र अन्य मानवअधिकार उल्लङ्घनहरूको जोखिममा परेका छन्। दक्षिण कोरियामा ट्रेड युनियनहरूले बढ्दो शत्रुतापूर्ण वातावरणको सामना गरे र दर्जनौं श्रमिक कार्यकर्ताहरूलाई फौजदारी अनुसन्धानको दायरामा राखियो।

**शान्तिपूर्ण भेला हुने र संगठन गर्ने स्वतन्त्रताको अधिकारको प्रयोगलाई सरकारले सम्मान र सहजीकरण गर्नुपर्छ। मानवअधिकार रक्षकहरूको कामको सम्मान र संरक्षण गरिनुपर्छ र उनीहरूलाई काम गर्नको लागि सुरक्षित र सक्षम वातावरण सुनिश्चित गर्नुपर्छ।**

## स्वेच्छाचारी गिरफ्तार र हिरासत

सरकारी नीति र कार्यहरूमाथि चुनौती दिएकोमा वा जातिय, धार्मिक वा अन्य पहिचानको आधारमा मानवअधिकार रक्षक, राजनीतिक र वातावरणीय अभियन्ता तथा अन्य व्यक्तिलाई स्वेच्छाचारी रूपमा गिरफ्तार गर्ने र हिरासतमा राख्ने कार्य गरियो।

चीनको सिन्जियाङ्ग उइघुर स्वसाशित क्षेत्रमा उइघुर तथा अन्य मुख्यतः मुस्लिम जातीय अल्पसङ्ख्यक समुदायका मानिसहरूविरुद्ध स्वेच्छाचारी हिरासत र अनुचित वा अन्यायपूर्ण सुनुवाइ जारी रहेको छ। म्यान्मारमा सन् २०२१ को सैनिक सत्ता कब्जाको विरोध गरेकोमा बीस हजार भन्दा बढीलाई हिरासतमा राखिएको छ र उनीहरूविरुद्धको गम्भीर तवरको अनुचित र अन्यायपूर्ण सनुवाइ जारी रहेको छ।

पाकिस्तानमा सन् २०२३ को मेमा पूर्व प्रधानमन्त्री इमरान खानको गिरफ्तारी पछि विरोध प्रदर्शनमा संलग्न ४,००० भन्दा बढी व्यक्तिहरूलाई स्वेच्छाचारी रूपमा हिरासतमा राख्न अधिकारीहरूले सार्वजनिक सुव्यवस्था कायम गर्नेसम्बन्धी अध्यादेश र अस्पष्ट शब्द र प्रावधानहरू रहेको आतंकवाद विरोधी ऐनलाई प्रयोग गरे। राजनीतिक नेता र कार्यकर्तासहित अन्य १०३ नागरिकलाई सैन्य अदालतमा मुद्दा चलाइयो। भारतका अदालतहरूले जम्मु र काश्मीरमा स्वेच्छाचारी रूपमा हिरासतमा राखिएका धेरै पत्रकारहरूको धरौटिमा रिहाइ गर्ने वा थुनामा राख्ने

आदेशहरू खारेज गर्ने निर्णय गरेको भए पनि, त्यहाँ र देशका अन्य ठाउँहरूमा मानवअधिकार रक्षकहरूलाई प्रायः वर्षौंसम्म बिना सुनुवाइ थुनामै राख्ने कार्य जारी रहेको छ।

मंगोलियामा अपर्याप्त कार्यविधिगत संरक्षणका कारण बिना पूर्जी ठूलो सङ्ख्यामा गिरफ्तारीहरू भए।

**सरकारहरूले आफ्ना आलोचक र अन्यलाई स्वेच्छाचारी तवरमा गिरफ्तार गरी हिरासतमा राख्ने कार्यको अन्त्य गर्नुपर्छ र अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला र सङ्गठनको अधिकार वा अन्य मानवअधिकारलाई शान्तिपूर्वक अभ्यास गरेकै आधारमा हिरासतमा राखिएका जोसुकैलाई तत्काल रिहा गर्नुपर्दछ।**

## दण्डहीनता र न्यायको अधिकार

यस क्षेत्रमा दण्डहीनता व्यापक रह्यो र पीडितलाई सत्य, न्याय र परिपूरणको अधिकार निरन्तर रूपमा इन्कार गरियो।

फिलिपिन्समा अनुसन्धान पुनः सुरू गर्ने अन्तर्राष्ट्रिय फौजदारी अदालतद्वारा भएको निर्णयले जारी "लागूऔषध विरुद्धको युद्ध (war on drugs)" का दौरान गैरकानूनी रूपमा हत्या गरिएका असङ्ख्य पीडितका परिवारलाई केही आशा प्रदान गरेको भएपनि त्यहाँ भएका गम्भीर मानवअधिकार उल्लङ्घनहरूमा जवाफदेहिता लगभग पूर्णतया असंभव र अवास्तविक रह्यो। थाइल्याण्डमा राज्यका सुरक्षा बलहरूद्वारा भएको गैरकानूनी हत्यामा दण्डहीनता व्याप्त रह्यो। आन्तरिक सशस्त्र द्वन्द्वका क्रममा भएका अन्तर्राष्ट्रिय कानुनअतर्गतका अपराध र अन्य गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा परेका दशौं हजार पीडितलाई न्याय, सत्य र परिपूरण प्रदान गर्ने दिशामा श्रीलंका र नेपालका सरकारहरू पुनः असफल रहे।

**सरकारहरूले अन्तर्राष्ट्रिय कानूनअन्तर्गतका अपराध र अन्य गम्भीर मानवअधिकार उल्लङ्घनहरूको पूर्ण, स्वतन्त्र, निष्पक्ष अनुसन्धान गरेर र संदिग्ध पीडकहरूलाई निष्पक्ष सुनुवाइमार्फत न्यायको दायरामा ल्याएर दण्डहीनतालाई सम्बोधन गर्नुपर्दछ। अन्तर्राष्ट्रिय अनुसन्धान र न्याय प्रक्रियाहरूमा पूर्ण सहयोग प्रदान गर्नुपर्छ र ऐतिहासिक मानवअधिकार उल्लङ्घनहरूमा परिपूरण उपलब्ध गराउनुपर्दछ।**

## अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन

म्यानमारमा अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लङ्घन जारी छ, जहाँ सेना र सम्बद्ध मिलिसियाहरूद्वारा भएको अन्धाधुन्ध र लक्षित हवाई र स्थल आक्रमण देशैभरी फैलिएको छ र परिणामस्वरूप १,००० भन्दा बढी नागरिकको मृत्यु हुन पुगेको छ। म्यानमारका सैन्य अधिकारीहरूसँग सम्बन्धित नागरिकहरूमाथि सशस्त्र विपक्षी समूहहरूद्वारा आक्रमण भएको पनि जानकारीहरू प्राप्त हुन आएको छ। अफगानिस्तानको पन्जशिर प्रान्तमा तालिबान विरुद्ध चलिरहेको सशस्त्र प्रतिरोधको सन्दर्भमा त्यहाँ नागरिकहरूलाई जबर्जस्ती सामूहिक दण्ड दिइएको र राष्ट्रिय प्रतिरोध मोर्चाबाट कब्जा गरिएका लडाकुहरूलाई गैरन्यायिक हत्या गरिएको नयाँ प्रमाण प्राप्त हुन आएको छ। त्यस्तै मुख्य रूपमा खोरासान प्रान्तको इस्लामिक राज्यका सशस्त्र समूहहरूद्वारा भएको आक्रमणमा हजारौंको हताहति भएको थियो।

**सशस्त्र द्वन्द्वका सबै पक्षहरूले अन्तर्राष्ट्रिय मानवीय कानुनलाई अनुसरण गर्नुपर्दछ र नागरिक तथा नागरिक पुर्वाधारहरूमाथिको अन्धाधुन्ध र प्रत्यक्ष आक्रमणलाई अन्त्य गर्नुपर्दछ।**

## आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार

धेरै देशहरू गम्भीर आर्थिक संकटमा फसेका छन्। लाओस र पाकिस्तानमा देखिएको आकाशिँदो मुद्रास्फीति र जीवनयापन लागतमा भएको वृद्धिले सबैभन्दा कमजोर वर्गलाई सीमान्तीकरणमा पुर्याउनेगरी प्रभाव पार्यो। एक चौथाई भन्दा बढी जनसंख्या गरिबीको रेखामुनि पर्ने जोखिमतामा रहेको श्रीलंकामा विशेष गरी दैनिक ज्यालादारीबाट

आर्जन गर्ने र मलायाहा तमिलहरूका लागि खाद्यान्न, स्वास्थ्य सेवा र अन्य आधारभूत आवश्यकताहरूमाथिको पहुँच एउटा दैनिक चुनौती बन्न पुग्यो। अफगानिस्तानमा मानवीय संकट गहिरिँदा पहिलेदेखिनै मानवीय सहायतामा निर्भर मानिसहरूको उच्च संख्यामा थप बृद्धि हुने डर पैदा भयो। यद्यपि मानवीय प्रतिक्रिया योजनाका लागि ज्यादै नै न्यून वित्तीय सहयोग प्राप्त भयो।

पपुवा न्यू गिनीमा स्वास्थ्य प्रणालीमा रहेको अत्यन्तै न्यून श्रोत र साधनका कारण धेरै मानिसले पर्याप्त स्वास्थ्य सेवामा पहुँच हाँसिल गर्न सकेन। उत्तर कोरियामा खाद्य असुरक्षा कायम रह्यो र अत्यावश्यक औषधि र खोप लगायतका स्वास्थ्य सेवा प्रायः उपलब्ध थिएन।

जबर्जस्ती निष्कासन र घर भत्काउने कार्यले हजारौँलाई  हजारौं मानिसहरू आवासविहीन र विपन्न वा त्यस्तै जोखिममा परेका छन्। कम्बोडियामा युनेस्कोको विश्व सम्पदा क्षेत्र अङ्कोरबाट १०,००० परिवारलाई जबर्जस्ती निष्कासन गर्ने प्रक्रिया जारी छ। जि २० शिखर सम्मेलन अघि दिल्लीमा अनौपचारिक बस्तीहरू भत्काइएपछि भारतमा करिब ३००,००० मानिसहरू आवासविहीन भए  र साम्प्रदायिक हिंसाको नाममा गरिएको सजायमा ठूलो संख्यामा मुस्लिमका घर, व्यवसाय र पूजा गर्ने ठाउँहरू भत्काइयो। इन्डोनेसियामा अधिकारीहरूले नियोजित निष्कासन र पूर्वाधार विकास परियोजनाहरूको विरोध गर्ने समुदायहरूमाथि अत्यधिक बल प्रयोग गरे। लाओसमा एउटा बाँधको निर्माणले हजारौं गाउँलेहरूलाई विस्थापित गर्ने जोखिमता पैदा गर्यो जसमा प्रभावितहरूलाई क्षतिपूर्तिको लागि पर्याप्त व्यवस्था गरिएको छैन।

तिब्बती र उइघुर बालबालिका लक्षित सांस्कृतिक समाहितिकरण लगायतका सरकारी नीतिहरूले चीनभरका जातीय अल्पसंख्यकहरूको साँस्कृतिक र भाषिक अधिकार तथा शिक्षाको अधिकारलाई कमजोर पारेको थियो।

**सरकारहरूले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको संरक्षण भएको र आफ्ना नीतिहरूले खाद्य, स्वास्थ्य र जीविकोपार्जनका अधिकारहरूको उल्लङ्घन नगर्ने कुराको सुनिश्चित गर्नुपर्छ।**

## जवाफदेहिता

मानवअधिकार दुर्व्यवहारहरूमा कर्पोरेटहरूको जवाफदेहिता पनि असम्भव र दुर्बोध रहन पुग्यो। यद्यपि, एम्नेस्टी इन्टरनेसनलले म्यानमारमा गरेको अनुसन्धानले एउटा सकारात्मक विकासमा योगदान पुर्यायो। म्यानमार सेनाले नागरिकहरू विरुद्धको हवाई हमलामा प्रयोग गर्ने हवाइ इन्धनको आपूर्तिमा संलग्न रहेका धेरै कम्पनीहरूले आफ्नो संलग्नतालाई अन्त्य गरेका थिए। साथै, युरोपियन युनियन, बेलायत, संयुक्त राज्य अमेरिका र अन्य देशहरूले यीमध्येका केही कम्पनीहरू विरुद्ध लक्षित प्रतिबन्धहरू लागू गरे।

**कर्पोरेट कर्ताहरूले आफ्नो र आफ्नो साझेदारहरूको सञ्चालन र गतिविधिले मानवअधिकार हनन् नहुने वा मानवअधिकार हननमा योगदान नपुर्याउने तथा कर्पोरेटहरूबाट भएका कुनै पनि हानिको उपचार गरिनुपर्ने कुरा सुनिश्चित गर्नका लागि कर्पोरेटहरूले मानवअधिकारसम्बन्धी उचित सावधानी (due diligence) अपनाउनुपर्ने व्यवस्था बाध्यकारी बनाई सरकारहरूले कानुन बनाउनुपर्छ।**

## धर्म र आस्थाको स्वतन्त्रता

विशेषगरी दक्षिण एसियामा धर्म र आस्थाको स्वतन्त्रता खतरामा रह्यो। भारतमा मुस्लिममाथि हिंसा र धम्कीका सयौं घटनाहरू अभिलिखित भएका छन्। पाकिस्तानमा पनि धार्मिक अल्पसंख्यकहरू विरुद्ध हिंसा व्यापक रह्यो जहाँ अहमदी चिहान स्थलहरूलाई अपमानित गरिएको थियो र एकै दिनमा २० भन्दा बढी चर्चहरू विरुद्ध भएका आक्रमणहरूको औचित्य सावित गर्नका साथै अल्पसंख्यकहरूलाई लक्षित गर्नका लागि ईश्वर निन्दाको आरोपलाई प्रयोग गरिएको थियो। अफगानिस्तानमा शिया र हजारा शिया, सिख, हिन्दू, इसाई, अहमदिया र इस्माइलीहरू

लगायतका धार्मिक अल्पसंख्यकहरूले तालिबानको मातहतमा चरम विभेदको सामना गर्नुपरेको थियो। तालिबानले औपचारिक धार्मिक शिक्षा केवल इस्लामको सुन्नी सम्प्रदायमा मात्र आधारित रहेको सुनिश्चित गरेको थियो।

**सरकारहरूले कुनै पनि विभेद रहित तवरमा धर्म र आस्थाको स्वतन्त्रतालाई पूर्ण रूपमा संरक्षण, प्रवर्धन र प्रत्याभूत गर्नका लागि कानुनी तथा नीतिगत सुधारलगायतका आवश्यक उपायहरू अवलम्वन गर्नुपर्दछ।**

## महिला र बालिकाको अधिकार

फौजदारी कानूनअन्तर्गत बलात्कारको परिभाषामा सहमति बिनाको यौनसम्बन्धलाई पनि समावेश गरी जापानमा यौन हिंसा विरुद्धको कानुनी संरक्षणलाई बलियो बनाइएको थियो। फिजीमा विवाहित महिलाहरूको लागि चुनावमा भाग लिनका लागि विद्यमान कानुनी अवरोधहरूलाई हटाइयो।

तर प्रणालीगत विभेद र हिंसा नै यस क्षेत्रका धेरै महिला र बालिकाहरूको वास्तविकता रहेको छ।

विशेष गरी दक्षिण एसियामा ठूलो सङ्ख्यामा बलात्कार र अन्य यौन हिंसालगायतका उत्पीडन र हिंसाका घटनाहरू सार्वजनिक भएका छन् र ती सबै घटनामा जवाफदेहिता दुर्लभ रहेको छ। भारतमा दलित, आदिवासी र कुकी महिलाहरूमाथि उपल्लो जातिका सदस्यहरूबाट हुने यौन हिंसाका घटनाहरू विशेष चिन्ताका रूपमा रहेका छन्।

विभेदका धेरै स्वरूपहरू देखिए। अफगानिस्तानमा महिला र बालिकाहरूको अधिकारमाथिको अझ बढी चरम प्रतिबन्धहरू र उनीहरू विरुद्धको मानवअधिकार उल्लङ्घनको हदले मानवता विरुद्धको अपराधकै स्तरको लैङ्गिक उत्पीडन खडा गर्यो। नेपालमा महिलालाई नागरिकताको समान अधिकारबाट वञ्चित गर्दै आएको छ। भुटान, फिजी, जापान र अन्य ठाउँमा सार्वजनिक कार्यालय र श्रम शक्तिमा महिलाको प्रतिनिधित्व निकै कम रह्यो।

**सरकारहरूले महिला र बालिकाको अधिकारलाई कायम राख्न र प्रवर्धन गर्न, महिला र बालिकाहरू विरुद्ध हुने लैङ्गिक र अन्तर्समूहगत विभेदको अन्त्य गर्न र लिङ्गमा आधारित हिंसाको रोकथाम र अभियोजन गर्ने प्रयासलाई तीव्रता दिनुपर्छ।**

## एलजिबिटिआई मानिसहरूको अधिकार

एलजिबिटिआई अधिकारका सवालमा सन् २०२३ मा प्रगति र बाधा अड्चन दुवै देखा पर्यो। ताइवानमा अधिकारीहरूले अधिकांश अन्तर्राष्ट्रिय समलिङ्गी जोडीहरूको विवाह गर्ने अधिकारलाई मान्यता दिए र २१ डिसेम्बरमा थाई सांसदहरूले समलिङ्गी विवाहलाई कानुनी मान्यता दिने प्रक्रियाको सुरूवात गरे। हङकङ, नेपाल र दक्षिण कोरियामा अदालतका फैसलाहरूले समलिङ्गी जोडी र/वा ट्रान्सजेन्डर व्यक्तिहरूको अधिकारलाई थप मान्यता दिएका छन्। यद्यपि, दक्षिण कोरियामा संवैधानिक अदालतले कोरियाली सेना भित्र सहमतिमा हुने समलिङ्गी यौन सम्बन्धलाई अपराधीकरण गर्ने कुरालाई कायम गरेको छ। यसका अतिरिक्त, सरकारहरूले सामान्यतया मानवअधिकार स्थापित गर्ने खालका निर्णयहरू विरुद्ध पुनरावेदन गर्ने तथा ती निर्णयहरूको कार्यान्वयन गर्नबाट पछि हट्ने जस्ता प्रतिक्रिया देखाए।

एलजिबिटिआई व्यक्ति र समूहहरूको जोखिम र खतरायुक्त अवस्था चीनमा पनि स्पष्ट भएको थियो जहाँ सरकारको चालु एलजिबिटिआई विरोधी अभियानको क्रममा एउटा प्रमुख एलजिबिटिआई संस्थालाई बन्द गर्न बाध्य पारिएको थियो। पाकिस्तानमा राजनीतिक र इस्लामवादी समूहहरूले ट्रान्सजेन्डर (ख्वाजा सारा) व्यक्तिहरूका लागि रहेका कानुनी संरक्षणहरूलाई खतरामा पार्ने गरी र दुष्प्रचार अभियानको नेतृत्व गऱ्यो जसका कारण ट्रान्सजेन्डर र लैङ्गिक विविधताका मानिसहरू विरुद्ध हिंसा र उत्पीडनको बढ्न पुग्यो। भारतमा सर्वोच्च अदालतले समलिङ्गी विवाहलाई कानुनी मान्यता दिन अस्वीकार गरेको छ। मलेसियामा एलजिबिटिआई व्यक्तिहरूको जीवनशैली प्रवर्द्धन गर्ने ठानिएका पुस्तक र अन्य सामग्रीहरूलाई प्रतिबन्धित गरियो र मंगोलियामा एलजिबिटिआई व्यक्तिहरू समर्थक मार्चलाई प्रतिबन्ध लगाइएको थियो।

**सहमतिमा हुने समलिङ्गी यौन सम्बन्धलाई गैरअपराधीकरण समेत गरी सरकारहरूले एलजिबिटिआई व्यक्तिहरू विरुद्ध विभेद गर्ने कानुन र नीतिहरूलाई खारेज गर्नुपर्छ र समलिङ्गी विवाहलाई मान्यता दिने, एलजिबिटिआई मानिसहरूको अधिकारको प्रवर्द्धन र संरक्षण गर्ने तथा उनीहरूलाई सुरक्षित र मर्यादित वातावरणमा बाँच्न सक्षम बनाउने कार्य गर्नु पर्दछ।**

## आदिवासी जनजातिको अधिकार र जातिय तथा जातमा आधारित विभेद

आदिवासी जनजातिहरु विरुद्ध र जातका आधारमा गरिने विभेद व्यापक रह्यो। कम्बोडिया, इन्डोनेसिया र मलेसिया लगायतका देशहरूमा आदिवासीरूको भूमिको व्यावसायिक शोषणले उनीहरूको जीवन र जीविकोपार्जनलाई खतरामा पारिरहँदा तिनका अधिकारलाई बेवास्ता गरियो। प्रभावित समुदायहरूसँग जहाँ परामर्शहरू भए ती प्रायः सतही थिए र आदिवासी जनजाति अभयानकर्ताहरू मानवअधिकार उल्लङ्घनको जोखिममा रहेका थिए। फिलिपिन्समा दुई आदिवासी वातावरण संरक्षण अभियानकर्तालाई जबर्जस्ती बेपत्ता पारियो र आदिवासी जनजातिको अधिकारमा नेतृत्व गर्नेहरूलाई आतंककारीको रूपमा तोकियो।

आदिवासी "आवाज" स्थापना गर्ने प्रस्ताव राष्ट्रिय जनमत संग्रहमा अस्वीकृत भएपछि अस्ट्रेलियामा पहिलो राष्ट्रका मानिसहरूको अधिकारलाई अगाडि बढाउने ऐतिहासिक अवसर गुम्न पुग्यो। यदि स्वीकृत भएको भए उक्त प्रस्तावले उनीहरूलाई संसदमा प्रत्यक्ष प्रतिनिधित्व गर्न सक्षम बनाउने थियो। उल्लेखनीय रूपमा माओरी मानिसहरूको अत्यधिक प्रतिनिधित्व रहेको न्यूजील्याण्डको फौजदारी न्याय प्रणालीलगायतमा उनीहरूले विभेद र सीमान्तीकरणको अनुभव गरिराखेका छन्। भारतमा जातीय विभेद कायमै रह्यो।

**सरकारहरूले जातीय विभेदभावका पीडितहरूलाई न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्नुपर्छ, दलित, आदिवासी जनजाति र अन्य जोखिममा रहेका समूहहरूमाथि हुने मानवअधिकार हननमा दण्डहीनताको अन्त्य गर्नुपर्दछ र फौजदारी न्याय प्रणालीलगायत संरचनात्मक विभेदलाई हटाउने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्छ।**

## यातना र दुर्व्यवहार

पीडित र मानवअधिकार रक्षकहरूको जोडदार अभियानको बलमा थाइल्याण्डमा यातना र बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गरियो तर त्यहाँ र अन्यत्र यातना र अन्य प्रकारको दुर्व्यवहार रोक्नका लागि धेरै गर्न बाँकी छ।

बन्दीहरूलाई यातना र अन्य दुर्व्यवहारका धेरै उदाहरणहरू यस क्षेत्रभरी जानकारीमा आए र हिरासतमा मृत्यु सामान्य जस्तै रहेकव थियो। यस वर्ष बंगलादेशमा कम्तीमा ९४ जना र मलेसियामा कम्तीमा १३ जनाको हिरासतमा मृत्यु भयो। यातना र अन्य दुर्व्यवहारको धेरै विश्वसनीय आरोपहरूमा नेपाली अधिकारीहरूले कसैलाई पनि जवाफदेही बनाउन सकेनन्। अफगानिस्तानमा, थुनुवाहरूमाथिको यातना व्यापक थियो र यातना वा अन्य दुर्व्यवहार बराबर हुने तवरको सार्वजनिक शारीरिक सजायको प्रयोग गरिएको थियो। बालबालिका सहित आदिवासी पपुआन नागरिकहरूको स्वेच्छाचारी हिरासत, यातना र हिरासतमा मृत्युको लागि इन्डोनेसियाली सेना जिम्मेवार रहेको थियो।

**सरकारहरूले यातना र दुर्व्यवहारका अन्य कार्यहरूलाई निषेध र अपराधीकरण गर्नुपर्दछ र सीमान्तकृत तथा जोखिममा रहेका समूहहरूको संरक्षण गर्न र उनीहरूमाथि हुने दुर्व्यवहारलाई रोक्न प्रभावकारी कदम चाल्नुपर्दछ। यदि त्यस्ता घटनाहरू घटेमा राज्यहरूले सम्बन्धित आरोपहरूको छानबिन गर्नुपर्छ र जिम्मेवारहरूलाई जवाफदेहिताको कसिमा ल्याई र पीडितहरूलाई समयमै उपचार उपलब्ध गराउनु पर्छ।**

## स्वस्थ वातावरणको अधिकार

विनाशकारी बाढी, बढ्दो तापक्रम र घातक आँधीले जलवायु परिवर्तनका कारण उत्पन्न हुने घटनाहरूबाट यो क्षेत्र कति जोखिमतामा छ भन्ने उजागर गरेको छ। यद्यपि कार्बन उत्सर्जन कम गर्न र तयारी तथा अनुकूलनका लागि चालिएका उपायहरू धेरै हदसम्म अपर्याप्त रहे। सदाझैं सबैभन्दा गरीब र सबैभन्दा सीमान्तकृतहरूले यी असफलताहरूको गम्भीर परिणामहरू भोग्नुपरेको छ।

सन् २०१२ मा जबर्जस्ती विस्थापित भएदेखि डरलाग्दो अवस्थामा बस्नुपरेकोले मुख्यतया म्यानमारमा सन् २०२३ क मे महिनामा आएको चक्रवातबाट रोहिंग्या जातिको ठूलोप सङ्ख्यामा मृत्यु भएको थियो। भारतमा हिमाली क्षेत्रमा आएको बाढी र उत्तर प्रदेश र बिहार राज्यहरू आएको मागर्मीको लहरमा झण्डै २०० जनाको मृत्यु भएको थियो। पाकिस्तानमा जलवायु परिवर्तनका कारण भएको गर्मीको लहरले विशेष गरी गरिबीमा रहेका र अनौपचारिक क्षेत्रका श्रमिकहरूको स्वास्थ्यमा गम्भीर नकारात्मक असर पुग्यो।

ठूला उत्सर्जनकर्ताहरू सहित धेरै राज्यहरूद्वारा निर्धारित उत्सर्जन लक्ष्यका न्यूनिकरण प्रयासहरू औसत विश्वव्यापी तापक्रमलाई पूर्व-औद्योगिक स्तरभन्दा माथि १.५° सेन्टिग्रेड तल राख्ने उद्देश्यका लागि अपर्याप्त रहे। यस्ता नीति तथा कार्यहरू प्रायः राज्यहरूले प्रतिबद्धता जनाएका लक्ष्यहरू पूरा गर्ने सवालमा अमिल्दा थिए। उदाहरणका लागि, ताइवानले उत्सर्जन घटाउन सरकारलाई आवश्यक पर्ने कानून अवल्मवन गर्यो तर त्यहाँ जीवाश्म ईन्धनको प्रयोगलाई अन्त्य गर्ने सवालमा कुनै समयरेखा थिएन र तेलको अन्वेषण कार्य पनि जारी नै रहेको थियो।

यस क्षेत्रको ऊर्जा प्रणालीहरूमा कोइलामा निर्भरता कम गर्ने सन्दर्भमा खासै गतिलो संकेत थिएन। यसको विपरित, प्रायः कडा घरेलु विरोधका बाबजुत अष्ट्रेलिया, चीन, इन्डोनेसिया र दक्षिण कोरियाका सरकारहरूद्वारा नयाँ कोइला-नियन्त्रित प्लान्टहरू र कोइला खानी परियोजनाहरूलाई स्वीकृति दिइराखे। जापान बिजुली उत्पादनमा कोइलाको प्रयोगलाई चरणबद्ध रूपमा हटाउने प्रतिबद्धता नगर्ने विश्वको एक मात्र औद्योगिक राष्ट्र थियो।

राज्यहरूले वातावरण र आदिवासी जनजाति तथा अन्य प्रभावित समुदायहरूमा उत्खनन्मा आधारित उद्योगहरूको प्रभावलाई बारम्बार बेवास्ता गरे। उदाहरणका लागि मङ्गोलियाको क्षेत्रका गोठाला समुदायहरूको स्वास्थ्य र जीविकोपार्जनमा खानी सञ्चालनले पारेको असरलाई सम्बोधन गर्न अझै पर्याप्त कारबाही भएको छैन। पपुवा न्यू गिनीमा सरकारले गम्भीर मानवअधिकार दुर्व्यवहार र वातावरणीय क्षतिसँग सम्बन्धित सुन खानी सञ्चालनलाई पुनः सुचारू गर्न इजाजतपत्र जारी गऱ्यो। यद्यपि संलग्न कम्पनीले उक्त दुर्व्यवहार र वातावरणीय क्षतिलाई पर्याप्त रूपमा सम्बोधन गरेको भने थिएन।

**यस क्षेत्रका औद्योगिक र अन्य उच्च तहमा उत्सर्जन गर्ने देशहरूले जलवायु परिवर्तन न्यूनीकरण गर्ने कार्यको नेतृत्व लिनुपर्दछ, जीवाश्म ईन्धन उत्पादन र अनुदानको विस्तारलाई रोक्नु पर्दछ र आफ्ना जलवायु नीतिहरू विश्वव्यापी तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियस भित्र राख्ने उद्देश्य अनुरूप भएको सुनिश्चित गर्नुपर्दछ। सरकारहरूले विपद् पूर्वतयारी र अनुकूलनमा लगानी बढाउनु पर्छ र जलवायु सङ्कटबाट असमानुपातिक रूपमा प्रभावित सीमान्तकृत र अन्य समूहहरूको संरक्षणलाई प्राथमिकता दिनुपर्छ।**

## शरणार्थी तथा आप्रवासीहरूको अधिकार र मानव बेचबिखन

शरणार्थी र शरण माग गर्नेहरूको अनिश्चितकालीन हिरासतलाई अष्ट्रेलिया र दक्षिण कोरिया दुवै देशका अदालतहरूले असंवैधानिक ठहर गरेका थिए। तर शरणार्थी, शरण माग गर्नेहरू र आप्रवासीहरूको संरक्षण यस क्षेत्रभर अपर्याप्त रह्यो र उनीहरूको मानवअधिकारको व्यापक रूपमा बेवास्ता गरियो।

धेरै शरणार्थी र आप्रवासीहरूलाई स्वेच्छाचारी र अनिश्चित कालका लागि हिरासतमा राखिएको थियो, जसमा खराब अध्यागमन हिरासत केन्द्रहरू समावेश थिए, वा पर्याप्त आवास र आधारभूत सेवाहरूबाट वञ्चित थिए र आन्दोलनको स्वतन्त्रताको अभाव थियो।

धेरै शरणार्थी र आप्रवासीहरूलाई स्वेच्छाचारी तवरमा र अनिश्चित कालका लागि हिरासतमा राखिएको थियो। हिरासत स्थलहरू फोहोर र खराब अवस्थाका अध्यागमन हिरासत केन्द्रहरूसमेत रहेका थिए। अर्थात उनीहरूलाई पर्याप्त आवास र आधारभूत सेवाहरूबाट वञ्चित गरिएको थियो र उनीहरूले आवतजावत र हिँडडुलको स्वतन्त्रताको अभाव झेलेका थिए।

मलेसियाली अधिकारीहरूले सन् २०२२ मा अध्यागमन हिरासत केन्द्रहरूमा महिला र बालबालिका सहित १५० व्यक्तिको मृत्युका सवालमा अनुसन्धान गर्न विफल भए र यस बीचमा हिरासत केन्द्रहरूको अवस्थाको बारेमा चिन्ता पनि कायमै रह्यो। बंगलादेशमा एउटा शिविरमा भएको आगलागी र चक्रवातले हजारौं रोहिंग्या शरणार्थीहरूलाई फेरि घरबारविहीन बनायो। थाइल्याण्डमा शरणार्थी र शरण खोज्नेहरूको जाँचका लागि एउटा नयाँ संयन्त्र स्थापना गरिएको थियो, तर उनीहरूको अनिश्चितकालीन हिरासत जारी रह्यो र खराब अवस्थाको कारण दुई जना उइघुर पुरुषहरूको मृत्यु भयो। जापानमा नयाँ अध्यागमन कानूनले शरणार्थी र शरण खोज्नेहरूको अनिश्चितकालीन हिरासतलाई निरन्तरता दियो जबकि ताइवानको अध्यागमन कानूनमा गरिएको संशोधनले शरणार्थी वा शरण खोज्नेहरूलाई प्रताडनाबाट उनीहरू भागेर आएकै देशमा जबर्जस्ती फिर्ता पठाउने (refoulement) विरुद्धको सुरक्षा व्यवस्था गर्न विफल भयो।

कडा सजाय भोग्नुपर्ने चेतावनीका बाबजुत चिनियाँ सरकारले जबर्जस्ती स्वदेश फर्काइएका सयौं उत्तर कोरियालीहरूको स्थितिबारे गम्भीर चिन्ता रहेको थियो। दर्ता नगरिएका अफगान शरणार्थीहरूले एक महिनाभित्र देश छोड्नुपर्ने पाकिस्तान सरकारले अक्टोबरमा गरेको घोषणापछि तालिबानद्वारा हुने प्रताडनाको डरले भागेका ४९०,००० भन्दा बढी मानिसहरूलाई जबर्जस्ती अफगानिस्तान फर्काइयो। मलेसियाले शरणार्थीहरूलाई जबर्जस्ती म्यानमार फर्काएर *नन रिफल्मको* सिद्धान्तलाई उल्लङ्घन गर्यो जहाँ उनीहरूले गम्भीर मानवअधिकार उल्लङ्घनको सामना गरेका थिए।

क्याम्बोडिया, लाओस, म्यानमार र थाइल्याण्डमा मानव बेचबिखन रोक्नका लागि सरकारी प्रतिकार्यहरू अपर्याप्त रहे जहाँ विदेशी श्रमिकहरूलाई कपटपूर्ण माध्यमद्वारा भर्ती गरियो र प्रायः हिंसाको धम्कीका साथ साइबर घोटाला र अवैध जुवा सञ्चालनमा काम गर्न बाध्य पारियो।

**सरकारहरूले शरणार्थीहरूलाई उनीहरूको आप्रवासी स्थितिको आधारमा हिरासतमा राख्न अन्त्य गर्नुपर्छ र उनीहरूलाई अन्तर्राष्ट्रिय सुरक्षा खोज्न दिनुपर्छ। कसैलाई पनि उत्पीडन वा अन्य मानवअधिकार उल्लङ्घनको सामना गर्न सक्ने ठाउँमा कुनै पनि हालतमा जबर्जस्ती फिर्ता गर्नु हुँदैन। मानव बेचबिखन विरुद्धको संरक्षणलाई सुदृढ बनाउनुपर्छ र पीडित उत्तरजीविहरूलाई कानुनी र अन्य सहयोग उपलब्ध गराउनुपर्छ र यदि स्वदेश फिर्ता गर्न सुरक्षित छ भने त्यसमा पनि सहजीकरण गर्नुपर्छ।**

## मृत्यु दण्ड

एउटा सकारात्मक कदमका रूपमा मलेसिया सरकारले सबै अपराधका लागि अनिवार्य मृत्युदण्ड खारेज गऱ्यो र सातवटा अपराधका लागि मृत्युदण्ड पूर्ण रूपमा खारेज गऱ्यो। यद्यपि, अन्तर्राष्ट्रिय कानून र मापदण्डहरूको उल्लङ्घन गर्दै मृत्युदण्डको सजायलाई यस क्षेत्रमा व्यापक रूपमा प्रयोग गरियो। चीन र भियतनाम दुवै देशमा मृत्युदण्डका घटनाहरू जानकारीमा आए तर मृत्युदण्डको प्रयोगको तथ्याङ्कलाई राज्यको गोप्य विषयका रूपमा वर्गीकृत गरिएको थियो। अफगानिस्तानमा ढुङ्गाले हान्नेजस्ता विधिहरू सहित मृत्युदण्डको सजायहरू दिइएक थियो जसलाई संयुक्त राष्ट्र संघका निकायहरूले क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रूपमा लिएका थिए। सिंगापुरमा लागूऔषधसम्बन्धी अपराधमा मृत्युदण्ड दिइएकामध्ये एक जना महिला पनि थिइन् भने मृत्युदण्ड विरोधी अभियन्ता वकिलहरू उत्पीडनको शिकार भएका थिए।

**मृत्युदण्डलाई अझै कायम राखेका सरकारहरूले यसलाई खारेज गर्न तत्काल कदम चाल्नुपर्छ।**

# बाल अधिकार

बालबालिकाको अपराधीकरण धेरै देशहरूमा चिन्ताको विषय बनेको छ। अष्ट्रेलिया र न्यूजील्याण्ड दुवै देशमा १० वर्ष भन्दा कम उमेरका बालबालिकालाई अझै पनि हिरासतमा राख्न सकिन्छ र दुवै देशमा युवा हिरासत कक्षहरूले पनि बालबालिकालाई जोखिममा पार्ने गरेको पाइएको थियो। थाइल्यान्डमा हालैका वर्षहरूमा शान्तिपूर्ण विरोध प्रदर्शनमा भाग लिएकोमा लगभग ३०० बालबालिकाहरूलाई फौजदारी अभियोग लगाइएका थियो। जसमध्ये सन् २०२० मा आयोजित राजालाई व्यंग्य गरिएको एउटा नक्कली फेसन शोमा भाग लिएको कारण १६ वर्षका एकजना युवालाई एक वर्षको जेल सजाय सुनाइएको थियो र दुई वर्षको लागि निलम्बन गरिएको थियो। उत्तर कोरियामा बालबालिकाहरू समेतलाई व्यापक रूपमा जबर्जस्ती श्रममा लगाइएको जानकारीहरू प्राप्त भएका छन्।

**सरकारहरूले बालबालिकाहरूले शान्तिपूर्ण भेला र अभिव्यक्ति स्वतन्त्रता लगायतको अधिकारलाई अभ्यास गरेकोमा कहिले पनि पक्राउ गर्ने वा थुनामा राख्ने कार्य गर्नु हुँदैन। सरकारहरूले फौजदारी जिम्मेवारीको न्यूनतम उमेरलाई १४ वर्ष वा सोभन्दा माथि बढाउनुपर्छ र कानुनविपरित गतिविधिमा जोडिका बालबालिकालाई बाल न्यायका सिद्धान्तहरू अनुसार व्यवहार गरिएको र उनीहरूलाई हिरासतमा राख्ने अभ्यासको प्रयोगलाई कडाइका साथ सीमित गर्ने सुनिश्चित गर्नुपर्छ।**

# नेपाल

## सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल

**प्रदर्शनकारीहरूलाई तितरबितर पार्न र पक्राउ गर्न सुरक्षा बलहरूले अनावश्यक र अत्यधिक बलको प्रयोग गर्ने कार्यलाई निरन्तरता दिइराखे जसका कारण चार जनाको मृत्यु भयो। अधिकारीहरूले टिकटकमा प्रतिबन्ध लगाए र अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गर्नका लागि गिरफ्तारीहरू गरे। सन् १९९६ देखि २००६ सम्म चलेको सशस्त्र द्वन्द्वका पीडितहरूलाई न्याय, सत्य र परिपूरण प्रदान गर्न सरकार विफल भयो। सुरक्षा बलबाट भएका यातना र अन्य दुर्व्यवहारका घटनाहरूका बारेमा जानकारी प्राप्त हुन आयो र हिरासतमा भएका मृत्युहरूको विश्वसनीय र स्वतन्त्र अनुसन्धान गर्न अधिकारीहरू विफल भए। लैङ्गिकतामा आधारित विभेद कानुन र व्यवहार दुवै तहमा जारी नै रह्यो। पहिलो पटक एउटा *एलजिबिटिआई* जोडीको विवाहलाई दर्ता गरियो। आप्रवासी श्रमिकहरूले दुर्व्यवहारपूर्ण र गैरकानुनी भर्ना अभ्यासहरूको सामना गर्नु पर्यो।**

## अभिव्यक्ति र भेला हुने स्वतन्त्रता

सुरक्षा बलहरूले सरकार र सत्तारुढ दलका राजनीतिज्ञहरूको आलोचना गर्ने कार्यकर्ता र व्यक्तिहरूलाई पक्राउ गर्न जारी राखे र प्रदर्शनकारीहरू विरुद्ध बारम्बार गैरकानुनी बल प्रयोग गरे।

फेब्रुअरी (फाल्गुन)मा यौन हिंसाका घटनाहरूमा न्याय माग गरिरहेका पाँच जना प्रदर्शनकरीलाई प्रहरीले हिरासतमा लिएको थियो। मोरङ जिल्लामा आदिवासी जनजातिहरूको प्रदर्शनमा प्रहरीले चलाएको लाठी लागेर मार्च (चैत्र)मा पदम लिम्बुको मृत्यु भएको थियो। सरकारले पछि उनलाई "शहीद" घोषणा गरेको थियो र उनको परिवारलाई राहत सहयोग गर्ने वाचा गरेको थियो।

आर्थिक अपराधका लागि न्यायको माग गर्दै राजधानी काठमाडौंमा भेला भएका निम्न आर्थिक पृष्ठभूमिका मिटर ब्याज पीडित किसानहरूद्वारा गरिएको विरोध प्रदर्शनलाई अधिकारीहरूले दबाउने कार्य जारी राखेका थिए। अप्रिल (वैशाख) मा प्रहरीको लाठी र पानीको फोहोरा प्रयोगले कम्तिमा ४० जना प्रदर्शनकारी घाइते भएका थिए र कम्तिमा २० जनालाई गिरफ्तार गरिएको थियो। प्रहरीद्वारा अत्यधिक बल प्रयोग भएकोमा केही दिनपछि गृहमन्त्रीले माफी मागेका थिए।

कञ्चनपुरमा प्रहरी संलग्न झडपको रिपोर्टिङ गर्ने क्रममा मे (जेष्ठ) मा प्रहरीले दुई पत्रकारलाई पक्राउ गरी दुर्व्यवहार गरेका थिए। पत्रकार महासङ्घको आलोचनापछि जिल्ला प्रहरी प्रमुखले दोषी अधिकृतहरूलाई कारबाही गर्ने प्रतिबद्धता जनाएका थिए।

जुनमा भुटानी शरणार्थीको हैसियत र उच्च आय भएका देशहरूमा पुनर्स्थापना गराइदिने वाचासहित सयौं नेपाली नागरिकबाट पैसा उठाउने सरकारी अधिकारीहरूसँग सम्बन्धित भ्रष्टाचारको विरुद्ध विरोध प्रदर्शन गरिरहेका कम्तिमा १६ जना अभियन्तालाई प्रहरीले पक्राउ गरेको थियो।

अगस्टमा (श्रावण) प्रहरीले आदिवासी जनजाति प्रदर्शनकारीहरू विरुद्ध अनावश्यक बल प्रयोग गर्यो र धेरैलाई हिरासतमा लिई कुटपिट गर्यो। प्रधानमन्त्रीले दोषीलाई कारबाही गर्ने घोषणा गरे पनि वर्षको अन्त्यसम्ममा कुनै अभियोग दर्ता गरिएन।

नोभेम्बर (कार्तिक) मा सरकारले "सामाजिक सद्भाव र पारिवारिक एकताको रक्षा गर्न" टिकटक यापको प्रयोगमा प्रतिबन्ध लगाएको थियो।

डिसेम्बरमा बारा जिल्लामा एक जना प्रदर्शनकारी र ललितपुर जिल्लामा दुईजना प्रदर्शनकारीले प्रहरीको अत्यधिक बलको प्रयोगका कारण ज्यान गुमाएका थिए।

## सत्य, न्याय र परिपूरणको अधिकार

सन् १९९६ देखि २००६ को बीचमा चलेको द्वन्द्वका दुवै पक्षबाट भएका अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराध र अन्य गम्भीर मानवअधिकार उल्लङ्घनका दशौं हजार पीडितहरूलाई सत्य, न्याय र परिपूरण प्रदान गर्ने दिशामा सरकार उल्लेखनीय प्रगति गर्न पुनः विफल भयो।

पीडितहरूबाट क्रमशः ६०,००० र ३,००० भन्दा बढी उजुरीहरू सङ्कलन गरेका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगले सन् २०२३ मा एउटा पनि उजुरीउपर अनुसन्धान गरी छिनोफानो गर्न सकेनन्। गत फाल्गुनमा सरकारले द्वन्द्वपीडितहरूसँग पर्याप्त परामर्श नगरिकनै बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्नका लागि एउटा विधेयक प्रस्तुत गर्यो। ऐनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूअनुरुप बनाउनका लागि सन् २०१५ मा सर्वोच्च अदालतले दिएको आदेशलाई विधेयकले पालना गर्न सकेन र उक्त विधेयक अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका केही अपराधहरूमा आरोपित पीडकहरूलाई अभियोजनबाट जोगाउने किसिमको देखियो।[1] सन् २०२३ को अन्त्यसम्ममा विधेयक तल्लो सदनमा विचाराधीन नै रहेको थियो।

सत्तारुढ दलसँग आबद्ध व्यक्तिहरूलाई स्वेच्छाचारी तवरमा रिहा गर्न सरकारले आममाफीसम्बन्धी प्रावधानहरूलाई दुरुपयोग गरेको सवालमा व्यापक चासोका बीच नोभेम्बरमा (कार्तिक) सर्वोच्च अदालतले माफीका लागि पीडितका परिवारहरूको सहमति आवश्यक हुने ठहर गर्दै हत्याको अभियोगमा दोषी ठहरिएका व्यक्तिलाई राष्ट्रपतिले दिएको आममाफीलाई बदर गरेको थियो।

## यातना र अन्य दुर्व्यवहार

पुर्पक्षका थुनुवाहरूलाई दण्डहीनताका साथ यातना र अन्य दुर्व्यवहार भएका रिपोर्टहरू आउने क्रम जारी रह्यो। यातनाको अभ्यासलाई अपराधिकरण गरेको मुलुकी अपराध संहिता ऐन, २०७४ अन्तर्गत सन् २०२३ को अन्त्यसम्म कुनै पनि सजाय भएन। यसको अतिरिक्त यातनाका कारण मृत्यु भएको भनी आरोपित विगतमा हिरासतमा भएका मृत्युहरूको अनुसन्धान गर्न र अनुसन्धानका प्रतिवेदनहरू सार्वजनिक गर्न अधिकारीहरू विफल भए।

घाँस टिप्न जंगलमा प्रवेश गरेको कारण बारा जिल्लामा तीन जना महिलालाई सरकारी वन रक्षकहरूले सन् ०२३ को जनवरी (पौष २०७९)मा कुटपिट गरेका थिए। प्रहरीले ती वनरक्षकहरू विरुद्ध उजुरी लिन इन्कार गरेको थियो। जुलाई (श्रावण)मा ससरीको जिल्ला प्रहरी कार्यालयमा बन्दीलाई भेट्न गएका मानवअधिकार रक्षक मनोहर कुमार पोखरेलमाथि हातपात भएको थियो। अगष्ट (श्रावण)मा संखुवासभा जिल्ला कारागारका सुरक्षागार्डद्वारा यातना दिएको भन्ने कारणबाट दुई कैदीको मृत्यु भएको थियो। संखुवासभा जिल्ला अदालतले सात जना प्रहरी र आठ जना कैदीलाई पुर्पक्षका लागि कारागार चलान गरेको छ।

## विभेद

लैङ्गिकतामा आधारित विभेद कानुन र व्यवहारमा जारी नै रह्यो। मे (जेठ) मा राष्ट्रपतिले नेपाल नागरिकता (पहिलो संशोधन) विधेयकलाई प्रमाणिकरण गरे। तर यस ऐनले महिलालाई समान नागरिकताको अधिकार बाट अझै वञ्चित गरेको छ। मुस्लिम महिलाहरूका लागि एउटा सकारात्मक विकासका रूपमा सर्वोच्च अदालतले असोजमा इस्लामिक परम्परामा "तीन तलाक" का आधारमा तत्काल गरिने सम्बन्धविच्छेदलाई असंवैधानिक घोषणा गऱ्यो।

जुन (जेठ)मा सर्वोच्च अदालतले अन्तिम निर्णयमा नआउँदासम्मका लागि "अस्थायी कागजात" का साथ समलिङ्गी विवाहलाई दर्ता गर्न सरकारलाई अन्तरिम आदेश जारी गर्यो। यद्यपि, तल्लो तहका अदालतहरूले सक्षम कानुनको अभावलाई उद्धृत गर्दै समलिङ्गी विवाहहरूलाई दर्ता गर्न अस्वीकार गरेका कारण समलिङ्गी जोडीहरूले व्यवहारमा

अवरोधहरूलाई सामना गरिरहे। नोभेम्बर (मङ्सिर) मा लमजुङ जिल्लाका अधिकारीहरूले पहिलो पटक एउटै लिङ्गका नेपालीहरूबीचको विवाहलाई दर्ता गरे।

जातमा आधारित विभेदलाई संबोधन गर्न कानुन र नीतिमा गरिएका व्यवस्थाहरूका बाबजुद निर्वाचित पदाधिकारीहरू लगायतद्वारा दलित समुदायका सदस्यहरूमाथि दण्डहीनताका साथ भएका विभेदका थुप्रै घटनाहरू जानकारीमा आए। डिसेम्बर (मंसिर)मा पश्चिम रुकुम जिल्ला अदालतले प्रभुत्वशाली जातकी एक किशोरीसँगको एक दलित युवाको सम्बन्धका कारण भएको ६ जना पुरुषको हत्यामा २६ जनालाई दोषी ठहर्यायो।[2]

## आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार

देशभरका अव्यवस्थित बस्तीहरूमा बसोवास गर्ने सयौं परिवारहरू स्थानीय अधिकारीहरूद्वारा कुनै कानुनी सुरक्षा बिना गरिने जबर्जस्ती निष्कासनको जोखिममा रहे। सन् २०२३ को मार्चमा काठमाडौं महानगरपालिकाले काठमाडौंका खोला किनारका झुपड तथा अव्यवस्थित बस्तीहरूमा बस्नेहरूलाई एक साताभित्र सो क्षेत्र खाली गर्न निर्देशन दिएको थियो। उच्च अदालत पाटनले बस्तीहरू भत्काउने आदेशलाई स्थगन गर्दै निष्कासनका कारण आवासविहीन हुनेहरूका लागि आवासको व्यवस्था गर्न महानगर कार्यालयलगायतका नेपाल सरकारलाई आदेश दिएको थियो।

आप्रवासी श्रमिकहरूलाई चर्को शुल्क लिएर भर्ना गर्ने एजेन्सी र एजेन्टहरूका गैरकानुनी गतिविधिमाथि पर्याप्त अनुगमन र अनुसन्धान गर्न तथा प्रतिबन्ध लगाउन सरकार विफल भयो। आप्रवासी श्रमिकहरूको मृत्युलाई रोक्न, मृत्युहरूको अनुसन्धान गर्न र गन्तव्य देशका सरकारहरूसँगको द्विपक्षीय संवाद जस्ता माध्यमबाट मृत्युका कारणहरू प्रष्ट पार्नका लागि प्रभावकारी उपायहरू लिइएको थिएन। श्रमिक कल्याणकारी कोषमा पहुँच प्राप्त गर्न भएको कठिनाइले मृतक आप्रवासी श्रमिकका धेरै परिवारहरूलाई सहायताविहीन बनायो।[3]

नोभेम्बर (असोज)मा कर्णाली प्रदेशमा गएको भूकम्पमा परी १५० भन्दा बढीको मृत्यु हुनुका साथै २५ हजार घर तथा अन्य सार्वजनिक पूर्वाधारमा क्षति पुगेको थियो। विशेषगरी कडा जाडो मौसमको समयमा सरकारको राहत सहयोग अपर्याप्त रहेको थियो र चिसो तापक्रममा अस्थायी पालमा बसेका कम्तिमा २४ भूकम्प प्रभावितहरूको मृत्यु भएको थियो।

---

1. Nepal: Transitional Justice Bill needs to protect victims, not abusers; proposed law disregards domestic and international legal standards, 24 March
2. “Nepal: District Court’s historic verdict a welcome step for justice for Dalit community”, 7 December
3. Saudi Arabia: ‘Don’t worry, it’s a branch of Amazon’: Exploitation of migrant workers contracted to Amazon in Saudi Arabia, 10 October